# विषय सूची


१. परिचय 5

१.१ पृष्ठभूमि 5

१.२ कागेश्‍वरी मनोहरा नगरपालिकाको संक्षिप्त परिचय 7

१.३ कागेश्‍वरी मनोहरा नगरपालिकामा संक्षिप्त वायु प्रदूषणको अवस्था 8

१.४ वायु प्रदूषणका स्रोतहरू 8

१.५ वायु प्रदूषणका कारण देखिएका समस्याहरू 9

१.६ वायु प्रदूषण व्यवस्थापनका लागि देखिएका अवसरहरू 10

२. योजना निर्माण 10

२.१ योजना निर्माणका प्रक्रिया 10

२.२ योजना निर्माणका कानुनी आधार 11

३. दीर्घकालीन सोच तथा कार्ययोजना 11

३.१ दीर्घकालीन सोच 11

३.२ लक्ष्य 11

३.३ उद्देश्य 12

४. उद्देश्यहरु 13

४.१ उद्देश्य १) वातावरणीय सुधार सम्बन्धी जनचेतनामूलक कार्यक्रमको माध्यमबाट व्यवहारमा परिवर्तन ल्याउनुका साथै वातावरणमैत्री टोलको विकास गर्ने। 13

४.१.१ वर्तमान अवस्था 13

४.१.२ समस्या तथा चुनौतीहरू 13

४.१.३ सम्भावना तथा अवसरहरू 13~~14~~

४.१.४ रणनीति 14

४.१.५ कार्ययोजना 15

४.२ उद्देश्य २) सार्वजनिक तथा अन्य यातायात सेवालाई वातावरणमैत्री र नागरिकमैत्री रूपमा सुधार गरी विद्युतीय सवारीसाधनको प्रवर्द्धनबाट सवारीसाधनका कारण हुने वातावरणीय प्रदूषणको असरमा कमी ल्याउने। 19

४.२.१ वर्तमान अवस्था 19

४.२.२ समस्या तथा चुनौतीहरू 19

४.२.३ सम्भावना तथा अवसरहरू 20

४.२.४ रणनीति 20

४.२.५ कार्ययोजना 21

४.३ उद्देश्य ३) निजी क्षेत्रको समेत सहकार्यका स्वच्छ ऊर्जा तथा प्रविधिको प्रयोगबाट नगरक्षेत्रमा रहेका विभिन्न उद्योगको उत्सर्जन कम गरी वायु तथा वातावरणीय प्रदूषण न्यूनीकरण गर्ने । 2324

४.३.१ वर्तमान अवस्था 2324

४.३.२ समस्या तथा चुनौतीहरू 2324

४.३.३ सम्भावना तथा अवसरहरू 2324

४.३.४ रणनीति 2324

४.३.५ कार्ययोजना 2425

४.४ उद्देश्य ४) वातावरणमैत्री तवरबाट फोहोरमैलाको व्यवस्थापन तथा खुल्लारूपमा फोहोर जलाउने कार्यमा नियन्त्रण गरी वातावरण प्रदूषण न्यूनीकरण गर्ने । 2627

४.४.१ वर्तमान अवस्था 2627

४.४.२ समस्या तथा चुनौतीहरू 2627

४.४.३ सम्भावना तथा अवसरहरू 2627

४.४.४ रणनीति 2627

४.४.५ कार्ययोजना 2728

४.५ उद्देश्य ५) विद्यालय तहबाट वातावरण शिक्षा विस्तार गरी शैक्षिक क्षेत्रमा सुधार ल्याई सामाजिक व्यवहारमा परिवर्तन ल्याउने। 3031

४.५.१ वर्तमान अवस्था 3031

४.५.२ समस्या तथा चुनैतीहरु 3031

४.५.३ सम्भावना तथा अवसरहरु 3031

४.५.४ रणनीति 3031

४.५.५ कार्ययोजना 3233

४.६ उद्देश्य ६) वायु प्रदूषणका अवस्था, कारण र असर न्यूनीकरण एवं रोकथामका उपायबारे स्वास्थ्य संस्था तथा सञ्चारकर्मी मार्फत बृहत्तर जनचेतना अभिवृद्धि गरी बानी व्यवहारमा परिवर्तन ल्याई स्वास्थ्य क्षेत्रमा सुधार ल्याउने। 3637

४.६.१ वर्तमान अवस्था 3637

४.६.२ समस्या तथा चुनौतीहरू 3637

४.६.३ सम्भावना तथा अवसरहरू 3738

४.६.४ रणनीति 3738

४.६.५ कार्ययोजना 3839

४.७ उद्देश्य ७) वन उपभोक्ता समितिको क्षमता अभिबृद्धि गरी वन डढेलो नियन्त्रण तथा हरियाली प्रवर्द्धन गर्ने। 4041

४.७.१ वर्तमान अवस्था 4041

४.७.२ समस्या तथा चुनौतीहरू 4041

४.७.३ सम्भावना तथा अवसरहरू 40~~41~~

४.७.४ रणनीति 40~~41~~

४.७.५ कार्ययोजना 42~~43~~

४.८ उद्देश्य ८) वायु प्रदूषण न्यूनीकरणका लागि नीतिगत, कानुनी तथा तथा संस्थागत संरचनाको सुदृढीकरण गर्दै आर्थिक स्रोतको सुनिश्चितता गर्ने। 44~~45~~

४.८.१ वर्तमान अवस्था 44~~45~~

४.८.२ समस्या तथा चुनौतीहरू 44~~45~~

४.८.३ सम्भावना तथा अवसरहरू 44~~45~~

४.८.४ रणनीति 45~~46~~

४.8.५ कार्ययोजना 46~~47~~

४.9 उद्देश्य 9) नगर क्षेत्रमा रहेका कृषी पकेट क्षेत्रमा किटनाशक विषादीको प्रयोगबाट हुने प्रदूषण न्यूनीकरण गरी प्राङ्गारिक मल र विषादीको प्रयोगलाई प्रवर्द्धन गर्ने। 49~~50~~

४.९.१ वर्तमान अवस्था 49~~50~~

४.९.२ समस्या तथा चुनौतीहरु 49~~50~~

४.९.३ सम्भावना तथा अवसरहरु 50~~51~~

४.९.४ रणनीति 51~~52~~

४.९.५ कार्ययोजना 52~~53~~

४.१० उद्देश्य १०) नगर क्षेत्र भित्रका पूर्वाधार विकासका आयोजनाहरुमा वातावरण मैत्री र जलवायु उत्थानशिल आर्थिक विकासका अवधारणा अवलम्बन गर्ने। 55~~56~~

४.१०.१ वर्तमान अवस्था 55~~56~~

४.१०.२ समस्या तथा चुनौतीहरु 55~~56~~

४.१०.३ सम्भावना तथा अवसरहरु 55~~56~~

४.१०.४ रणनीति 56~~57~~

४.१०.५ कार्ययोजना 57~~58~~

५. वित्तीय व्यवस्थापन 60

६. योजना कार्यान्वयन प्रक्रिया 60

७. योजना अनुगमन तथा मूल्याङ्कन विधि तथा प्रक्रिया 61

८ योजना परिमार्जन 62

९.योजना अनुमोदन र लागू हुने अवधि 62

१०. अनुसूचीहरू: 62

# १. परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधानको धारा ३० मा प्रत्येक नागरिकले स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हकको व्यवस्था गरिएको छ।साथै, संविधानले राज्यको नीतिको रूपमा उपलब्ध स्रोत र साधनको संरक्षण, संवर्धन र वातावरण अनुकूल दिगो उपयोगका साथै नकारात्मक वातावरणीय प्रभाव निर्मूल वा न्यून गर्न उपयुक्त उपाय अवलम्बन गर्ने तथा जनसाधारणमा वातावरणीय स्वच्छता सम्बन्धी चेतना बढाई औद्योगिक र भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्यूनीकरण गर्दै वन, पन्छी, वनस्पति, जैविक विविधताको संरक्षण, संवर्धन र दिगो उपयोग गर्ने तथा पर्यावरणीय दिगो विकासका सिद्धान्त अवलम्बन गर्नुका साथै प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्ने सम्बन्धमा स्पष्ट व्यवस्था गरेको छ।यसका साथै विभिन्न संघीय कानुनहरूले समेत वातावरण संरक्षण, हरियाली प्रवर्द्धन लगायत प्रदूषण न्यूनीकरण तथा नियन्त्रणका सन्दर्भमा विभिन्न प्रावधानको व्यवस्था गरेका छन्।

तथापि वातावरण संरक्षण र वायुप्रदूषणका विषय ओझेलमा परेका कारण वातावरण लगायत वायु प्रदूषणका प्रभावहरू तीव्ररूपमा परेको देखिएको छ।वायु प्रदूषण विश्‍वको स्वास्थ्य जोखिमको रूपमा देखिएको छ।State of Global Air on Air Quality and Health of Cities 2024 का अनुसार नेपाल वायु प्रदूषणको दृष्टिले सातौँ स्थानमा परेको छ।अझ काठमाडौं उपत्यकालाई मात्र हेर्ने हो भने पनि काठमाडौं उपत्यका वायु प्रदूषणको हिसाबले एघारौं स्थानमा परेको छ।

विभिन्न अध्ययनले देखाए अनुसार वायुप्रदूषणले स्वास्थ्यमा प्रत्यक्ष असर परेको देखिन्छ।प्रदूषणका कण फोक्सोको प्राकृतिक प्रतिरक्षा संयन्त्रलाई छलेर फोक्सो मार्फत मानिसका रक्तनली हुँदै शरीरका विभिन्न अंगमा पुगेर सो क्षेत्रमा असर पु-याउने गर्छ।State of Global Air on Air Quality and Health of Cities 2023 का अनुसार नेपालमा ४८००० भन्दा बढीको मृत्यु वायु प्रदूषणका कारण भएको थियो।जसमा पाँच हजार ८० भन्दा बढीको मृत्यु काठमाडौंमा मात्रै भएको कुरा उल्लेख छ।नेपालमा दीर्घकालीन फोक्सोको रोग (COPD) बाट हुने मृत्युमध्ये ७५ प्रतिशत, फोक्सोको क्यान्सरबाट हुने मृत्युमध्ये ३८ प्रतिशत, तल्लो श्‍वासप्रश्‍वास प्रणाली संक्रमण (LRI) बाट हुने मृत्युमध्ये ४१ प्रतिशत, वायुप्रदूषणका कारण हुने गरेको छ।उच्च वायुप्रदूषण भएको दिनमा दमबाट अस्पताल भर्ना हुने क्रम बढेको देखिन्छ भने विगतका दाँजोमा कम उमेर भएका व्यक्तिमा समेत COPD र क्यान्सरका बिरामीको संख्यामा वृद्धि भएको देखिन्छ।Air Quality Life Index 2023 का अनुसार वायु प्रदूषणकै कारण नेपालीहरूको औसत आयुमा ४.६ वर्ष र काठमाडौं उपत्यका बासिन्दाको ३.५ वर्षले कमी आएको समेत देखिन्छ। जसले गर्दा वायु प्रदूषण मृत्युको प्रमुख कारण मध्येमा पर्न गएको छ।

विभिन्न अध्ययनले देखाए अनुसार वायुप्रदूषणले अझ महिला, बालबालिका तथा जेष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिका साथै नगर कार्यक्षेत्रभित्र प्रत्यक्ष भूमिकामा रहेका वर्गमा समेत उच्च प्रभाव पारेको छ।वायु प्रदूषणकै कारण स्वास्थ्य बाहेक देशको अर्थतन्त्रमा पनि भार थपिनुका साथै शिक्षा लगायत विकासका अन्य क्षेत्रमा समेत असर परेको देखिन्छ।यस अर्थमा वायु प्रदूषण वातावरणीय समस्या मात्र नभई बहुक्षेत्रीय र बहुआयामिक समस्याको रूपमा लिन सकिन्छ।


वायु प्रदूषणले काठमाडौं उपत्यका लगायत देशका विभिन्न शहरहरूमा वायुको गुणस्तरमा निकै ह्रास आएको देखाउँछ।यसै आर्थिक वर्ष पनि वायु गुणस्तर सूचकाङ्क हेर्दा विभिन्न समयमा काठमाडौं विश्वका प्रदूषित शहरहरूमध्ये पहिलो स्थानमा रहको देखिन्छ।सामान्यतया वायु गुणस्तर सूचकाङ्क मापन गर्दा २.५ माइक्रोनभन्दा मसिना कणहरू (पीएम २.५), सतही ओजोनको अवस्था, कार्बन मोनोअक्साइड, सल्फर डाइअक्साइड र नाइट्रोजन डाइअक्साइड जस्ता प्रदूषणका कारक तत्वहरूलाई आधार मानिन्छ।विभिन्न अध्ययनको आधारमा हेर्दा काठमाडौंको औसत वायु प्रदूषण विश्व स्वास्थ्य संगठनको मापदण्डभन्दा १० गुणा बढी देखिन्छ र विश्वमा ९९ प्रतिशत मानिसहरू प्रदूषित हावामा बसोबास गर्छन्।

वातावरण ऐन २०७६ तथा नियमावली २०७७, पन्ध्रौं पञ्चवर्षीय योजना, दिगो विकास लक्ष्य लगायतका दस्तावेजले पनि वातावरण संरक्षण तथा वायु प्रदूषण व्यवस्थापनका विभिन्न प्रावधानको व्यवस्था गरेको छ।स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य विभिन्न स्थानीय तहका थुप्रै ऐन तथा कानुनले वातावरण प्रदूषण न्यूनीकरण र रोकथामका लागि स्थानीय तहको भूमिका रहने उल्लेख गरेको पाइन्छ।

यिनै ऐन तथा कानुनहरूका प्रावधानको अधीनमा रही २०७६ मा मन्त्रिपरिषदबाट ‘काठमाडौं उपत्यका~~को लागि~~ वायु गुणस्तर व्यवस्थापन कार्ययोजना, २०७६’ स्वीकृत भएको देखिन्छ।तथापि विभिन्न कारणले यो कार्ययोजना प्रभावकारीरूपमा कार्यान्वयनमा आउन सकिरहेको छैन।यही परिप्रेक्ष्यमा वातावरण तथा वायु प्रदूषणको प्रभाव हेर्दा कागेश्वरी मनोहरा नगरपालिका पनि उच्च जोखिममा रहेको देखिएको कारण ‘स्थानीय सरकार वातावरणमैत्री प्रारूप २०७८’ तथा ‘काठमाडौं उपत्यका वायु गुणस्तर व्यवस्थापन कार्ययोजना २०७६’ लाई स्थानीयकरण गरी ‘नगरस्तरीय वातावरण तथा वायु गुणस्तर व्यवस्थापन कार्ययोजना’ बनाइएको हो ।

## १.२ कागेश्वरी मनोहरा नगरपालिकाको संक्षिप्त परिचय

वडा नं. १ (साविकको गागलफेदी गा.वि.स.) मा अवस्थित ऐतिहासिक धार्मिक स्थल कागेश्वरी महादेव मन्दिर र मनोहरा खोलाको नामबाट नामाङ्कन गरिएको हो।यस नगरपालिका मिति २०७१ साल मंसिर १६ गते नेपाल सरकारको मन्त्रिपरिषदको निर्णयबाट साविकको गोठाटार, मूलपान, डाँछी, भद्रवास, आलापोट र गागलफेदी गा.वि.स.हरुलाई समायोजन गरी गठन गरिएको हो।



...ापन कार्ययोजना २०८१”

विविध धार्मिक, साँस्कृतिक, प्राकृतिक श्रोतहरुको पहिचान बोकेको यस नगरपालिका २७°४१' २०” देखी २७°४६' ३३” उत्तर अक्षांश र ८५°२१' ४५” देखी ८५°२८' १९” पूर्वी देशान्तर मा अवस्थित रहेको छ।समुद्री सतहबाट १२९७ मिटर देखी २२५८ मिटर उचाईमा रहेको यस नगरपालिका जम्मा २८.८० वर्ग किलोमिटर

क्षेत्रफलमा फैलिएको छ।यस नगरपालिको पूर्वमा शंखरापुर नगरपालिका, दक्षिण पूर्वमा भक्तपुर जिल्लाको मध्यपुर थिमी नगरपालिका र चाँगुनारायण नगरपालिका, दक्षिण पश्चिममा काठमाडौँ महानगरपालिका र उत्तर पश्चिममा गोकर्णेश्वर नगरपालिका पर्दछ। यस नगरपालिकाको हावापानी समशितोष्ण प्रकारको छ।भौगोलिक हिसाबले समथल जमिनदेखी शिवपुरी लेकसम्मको अवस्थिति रहेको छ।

यस नगरपालिको क्षेत्रभित्र मुख्य धार्मिक तथा ऐतिहासिक स्थलहरु क्रमश: कागेश्वरी महादेव मन्दिर, नवतनधाम, चम्पक विनायक मन्दिर, काष्ठभैरव मन्दिर, सिमतिर्थ, गीता मन्दिर, तेजविनायक गणेश मन्दिर, सिद्धकाली मन्दिर, महाँकाल भैरव मन्दिर, कोल्मतेश्वर, थली बालकुमारी मन्दिर साथै अन्य देवी-देवता, गुम्बाहरु जस्ता स्थलहरु रहेका छन्।त्यसै गरी यस नगरपालिका अन्तर्गत पर्ने मुख्य नदीहरु बाग्मती र मनोहरा रहेका छन् भने सोको अलवा साना खोलाहरु वासुकी, झरुवा, ढकाल, कागेश्वरी, महादेव लगायत नियमित पानीको वहाव रहने अन्य साना खोल्सा खोल्सीहरु समेत रहेका छन् ।

प्रशासनिक विभाजन अनुसार यस नगरपालिकामा नौ वटा वडाहरु रहेका छन्।कागेश्वरी मनोहरा नगरपालिकाले गरेको घरधुरी जनगणना सर्वेक्षण अनुसार यस नगरपालिकामा जम्मा १०२१३१ जनसङ्ख्या र २६१६६ घरधुरी रहेका छन्।

औशत १७०० मिलिमिटर बर्षा हुने यस नगरपालिकाको पूर्वतर्फ रहेको मनोहरा फाँट र पश्चिमतर्फ रहेको वाग्मती फाँट कृषि उपजका लागि महत्वपूर्ण मानिन्छन्।यस क्षेत्र ~~भै~~ भई बग्ने नदी तथा खोलाहरुको पानीबाट सिंचाई सुबिधा उपलब्ध गराउन सके कृषि क्षेत्रको व्यवसायीकरण हुन ~~गै~~ गई जनताको जीवनस्तरमा थप सुधार हुने सम्भावना संगसंगै रहेको छ।पूर्वतर्फ रहेको मनोहरा फाँट र पश्चिमतर्फ रहेको वाग्मती फाँट कृषि उपजका लागि महत्वपूर्ण मानिन्छन् यहाँको महत्वपूर्ण कृषि उत्पादनमा धान, गहुँ, मौसमी तथा वेमौसमी तरकारी र गोलभेडा खेती रहेका छन्।यस क्षेत्र ~~भै~~ भई बग्ने नदी तथा खोलाहरुको पानीबाट सिंचाई सुबिधा उपलब्ध गराउन सके कृषि क्षेत्रको व्यवसायीकरण हुन गै जनताको जीवनस्तरमा थप सुधार हुने सम्भावना संगसंगै रहेको छ।

## १.३ कागेश्वरी मनोहरा नगरपालिकामा संक्षिप्त वायु प्रदूषणको अवस्था

कागेश्वरी मनोहरा नगरपालिका देशकै सबैभन्दा धेरै बसाई सराई गरी आउने पालिका हो। सोही कारण जनसंख्या ~~बृद्धी~~ वृद्धि दिनानु दिन बढि रहेको छ। सो ~~बृद्धी~~ वृद्धि भएको बसाई सराईको कारण बढ्न गएको निर्माण कार्य, सवारी साधनको आवागमनमा ~~बृद्धी~~ वृद्धि र त्यहाँबाट उत्पन्न हुने फोहरमैलाको कारण प्रदुषण बढी रहेको छ। यसको अलावा यस नगरपालिकाको वडा नं. 6, 5, 4 हुदैं गएको चावहिल-साँखु-मेलम्ची सडकमा सवारी साधनको चाप अधिक भएको कारण यस क्षेत्रमा सवारी साधनको उतसर्जनबाट हुने प्रदुषणको प्रभाव बढी देखिएको छ। साथै, कृषि क्षेत्रमा व्यापकरूपमा रसायन/~~÷~~विषादीको प्रयोग बढ्दो छ। वायु प्रदूषणका अन्य मुख्य कारणमध्ये फोहोरमैला, जथाभावीरूपमा फोहोर बाल्ने चलन, वन डढेलो आदि देखिएको छ।यस नगरपालिका क्षेत्रको औसत पीएम २.५ अवस्था ५०–१७५ माईक्रोमिटर रहेको देखिन्छ।

## १.४ वायु प्रदूषणका स्रोतहरू

कागेश्वरी मनोहरा नगरपालिकाले USAID स्वच्छ हावा परियोजना अन्तर्गत २०८०/८१ मा गरेको समुदायस्तरमा गरेको छलफल कार्यक्रमको आधारमा कागेश्वरी मनोहरा नगरपालिकामा वायुप्रदूषणका निम्न स्रोतहरू देखिन्छन्।

- सवारीसाधनबाट हुने उत्सर्जन
- औद्योगिक उत्सर्जन (धुवाँ, धुलो, गन्ध)

- सडकको धुलो/निर्माणको धुलो
- अव्यवस्थित फोहोर व्यवस्थापनबाट उत्सर्जन गन्ध
- फोहोरलाई खुलारूपमा जलाउने (औद्योगिक फोहर), कृषि अबशेष जलाउने तथा फोहर जलाउने
- जथाभावी फोहोर डम्पिङ
- पशुपालनबाट आउने गन्ध (सुँगुर र कुखुरा)
- वनजंगलमा लाग्ने डढेलो
- वधशाला र प्रदूषित नदीहरूबाट आउने दुर्गन्ध
- विषादीको अत्याधिक प्रयोग
- अव्यवस्थित दिसाजन्य लेदो व्यवस्थापन

## १.५ वायु प्रदूषणका कारण देखिएका समस्याहरू

कागेश्वरी मनोहरा नगरपालिकामा वायु प्रदूषण प्रमुख वातावरणीय समस्यामध्ये एक हो । जसले यहाँका बासिन्दाहरूको जनजीवनलाई खतरामा पारेको छ र वातावरणमा ठूलो प्रभाव पारेको छ।नगरपालिकामा क्यान्सर, श्वासप्रश्वास, मुटु र अन्य दीर्घकालीन रोगका बिरामी बढेको अधिकांश सरोकारवालाहरूको भनाइ तथा नगरपालिकाको स्वास्थ्य शाखाबाट गरिने जटिल रोगको सिफारिस तथा नगरपालिकाबाट जटिल रोग र सामान्य रोगको लागि गरिब, विपन्नलाई दिइने सुविधाको लागि प्रत्येक वर्ष गरिएको अनुदान रकमबाट पनि स्पष्ट हुन्छ। यसका अलावा वरिपरि धुलाम्य देखिने, सुकाउन राखिएको लुगाहरूमा धुलो हुने वा कालो हुने, रुख/जंगलमा कालो तह जम्मा भएको कारण उब्जनीमा नै कमी हुनेजस्ता समस्या देखिएको छ।

वायु प्रदूषण सम्बन्धी ज्ञानको सन्दर्भमा विद्यालयका शिक्षकहरू, स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीहरु र निजी क्षेत्रका प्रतिनिधिहरूले वायु प्रदूषण हुनु पछाडिको कारण बुझे पनि अधिकांश मानिसले प्रायः उद्योग, सवारीसाधन, कच्चा सडकहरू र सडकबाट आउने धुलो र धुवाँलाई वायु प्रदूषणको रूपमा बुझेका छन्। वायु प्रदूषणको प्रभावका बाबजुद यसका सरोकारवालाहरू, उच्चस्तरको स्थानीय सरकारदेखि नागरिक समाज लगायत समुदायस्तरका व्यक्तिहरूबाट वायु गुणस्तर व्यवस्थापनका लागि विशेष पहल र गतिविधिहरूको अभाव भएको देखिन्छ।यसको प्रमुख कारण सरोकारवालाहरूबीच वायुप्रदूषणको सम्भावित प्रभावहरूको बारेमा सचेतनाको अभाव हुन सक्छ।

वायु प्रदूषण प्रमुख समस्याको रूपमा रहे पनि नगरपालिकाले आफ्नो नीति तथा कार्यक्रममा वातावरण तथा वायु प्रदूषण व्यवस्थापन विषय प्राथमिकताका साथ समेट्दै आएको छ। नगरपालिकामा वातावरण तथा विपद् व्यवस्थापन समिति रहेको र वातावरण तथा विपद् व्यवस्थापन शाखा मार्फत वातावरण संरक्षण सम्बन्धि ~~सम्बन्धी~~ कार्य हुँदै आएको छ

यसका अलावा नगरपालिकाले स्वास्थ्य तथा सरसफाई ऐन 2075, सरसफाई कार्यविधि 2076, वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन २०७७, वातावरण तथा प्राकृतिक स्रोत संरक्षण (संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण) कार्याविधि 2077 तयार तथा कार्यान्वयन गरी नीतिगत पहल गरेको देखिन्छ। तथापि वातावरण समिति तथा शाखाको संस्थागत विकासका साथै वातावरण क्षेत्रमा नगरस्तरीय नीतिगत व्यवस्था तथा संरचनामा थप सुदृढ गर्न आवश्यक देखिन्छ। यसका अलावा वायु गुणस्तर व्यवस्थापनका लागि विशेष नीति र कार्यक्रमका साथै वायुप्रदूषण र यसका असरहरूमा वैज्ञानिक अनुसन्धान पनि आवश्यक देखिन्छ। नगरपालिकाको अधिकार क्षेत्रभन्दा बाहिरको सवारीसाधन सम्बन्धि

~~सम्बन्धी~~ मुद्दाका लागि अन्य नगरपालिकाहरूसँगको सहकार्य तथा यातायात व्यवस्थापन कार्यालय टेकुमा पहल गर्नुपर्ने देखिन्छ।

### १.६ वायु प्रदूषण व्यवस्थापनका लागि देखिएका अवसरहरू

नगरपालिकाका जनप्रतिनिधि, राजनीतिक दल, कर्मचारी र नागरिक समाजले वायु प्रदूषणलाई प्रमुख समस्यामध्येको एक मानी यसको न्यूनीकरण र व्यवस्थापनका लागि पहल गर्न तत्परता तथा प्रतिबद्धता देखाउँदै आएका छन्।स्थानीय सरकार, नागरिक समाज तथा सञ्जाल तथा निजी क्षेत्र समेत यसलाई साझा मुद्दाको रूपमा व्यवस्थापन गर्न आ–आफ्ना स्थानबाट विभिन्न पहल गरेको पाइन्छ। विभिन्न उद्योगबाट हुने उत्सर्जनलाई सुधार गर्न र नगरपालिकाको वायु गुणस्तर व्यवस्थापनमा योगदान पुऱ्याउन नयाँ तथा वातावरणमैत्री प्रविधिमा निरन्तर ध्यान केन्द्रित र अद्यावधिक गर्दै आएको छ।

## २. योजना निर्माण

### २.१ योजना निर्माणका प्रक्रिया

मूलतः स्थानीय अवस्थाको बारेमा छलफल र विश्लेषण गरी प्राप्त नतिजाको आधारमा रही विभिन्न सरोकारवाला व्यक्ति तथा निकायसँगको सहभागितामूलक छलफल र परामर्शबाट यो कार्ययोजना तयार पारिएको हो। अवस्था र सन्दर्भ विश्लेषणका क्रममा नगरपालिका कार्यालयको वातावरण, स्वास्थ्य, शिक्षा लगायत विभिन्न 3 वटा वडामा लक्षित समुह छलफल (FGD) मार्फत समुदायस्तरको वायु प्रदूषणको अवस्था, भोगेका समस्या तथा चुनौतीका बारेमा छलफल गरिएको थियो। यसका साथै स्वास्थ्य, शिक्षा क्षेत्रसँग सम्बन्धित कर्मचारी र निजी क्षेत्रका प्रतिनिधि लगायतका सरोकारवालासँगको छलफलबाट समेत वायु प्रदूषणका सन्दर्भमा ती क्षेत्रमा देखिएका समस्याको बारेमा छलफल गरिएको थियो।

नगर कार्यपालिका सदस्य, नगरपालिकाका विभिन्न शाखा प्रमुख, नागरिक समाजका प्रतिनिधि तथा निजी संस्थाको सहभागितामा कार्यशाला गोष्ठीमार्फत बृहतरुपमा वायु प्रदूषणको सन्दर्भमा देखिएका समस्या, चुनौती तथा वायुप्रदूषण न्यूनीकरण एवं व्यवस्थापन कार्ययोजनालाई स्थानीयस्तरमा लैजानका लागि प्राथमिकताका क्षेत्रहरू पहिचान गरिएको थियो।

सोही कार्यशालापछि USAID स्वच्छ हावाको सहकार्यमा कागेश्वरी मनोहरा नगरपालिकामा वायु प्रदूषण व्यवस्थापनसँग सम्बन्धित विभिन्न क्रियाकलाप गरिँदै आएको छ। यही क्रममा नगरपालिकामा अवस्थित वातावरण र वायु प्रदूषणसँग सम्बन्धित विभिन्न समस्यालाई चरणबद्ध एवं व्यवस्थितरूपमा नियन्त्रण र न्यूनीकरण गर्न वातावरण तथा विपद् व्यवस्थापन समितिको संयोजकत्वमा यो कार्ययोजना तयार पारिएको हो। सो समितिको संयोजकत्वमा पटक–पटकको बैठकमार्फत क्षेत्रगत अवस्थाको विश्लेषण, दीर्घकालीन सोच निर्धारण तथा कार्ययोजनाको मस्यौदा तयार गरिएको छ।

### २.२ योजना निर्माणका कानुनी आधार

- नेपालको संविधान २०७२
- राष्ट्रिय वातावरण संरक्षण ऐन तथा नियमावली २०७६
- दिगो विकास लक्ष्य सन् २०१५–२०३०
- सोह्रौं पञ्चवर्षीय योजना
- जनस्वास्थ्य सेवा ऐन २०७५

- वन तथा वातावरण सुधारका लागि रणनीतिक कार्ययोजना २०७८
- राष्ट्रिय जलवायु परिवर्तन नीति २०७६
- वन ऐन २०१९
- यातायात व्यवस्थापन कार्यविधि २०६०
- राष्ट्रिय स्वास्थ्य नीति २०७६
- जन स्वास्थ्य सेवा नीति तथा नियमावली २०७६
- फोहोर व्यवस्थापन नीति २०७७
- स्थानीय सरकार सञ्चालन ऐन २०७४
- स्थानीय तह संस्थागत स्वमूल्याङ्कन कार्यविधि २०७७
- स्थानीय सरकार वातावरणमैत्री प्रारूप २०७८
- काठमाडौं उपत्यकाका लागि वायुगुणस्तर व्यवस्थापन कार्ययोजना २०७६
- कागेश्वरी मनोहरा नगरपालिकाको वातावरण नीति र यससँग सम्बन्धित कानुनहरू

# ३. दीर्घकालीन सोच तथा कार्ययोजना

## ३.१ दीर्घकालीन सोच

स्वच्छ, सफा, हराभरा बनाऔं कागेश्वरी मनोहरा

## ३.२ लक्ष्य

सहभागितात्मक तथा समानुपातिक पद्धतिको माध्यमबाट वातावरणमैत्री स्वच्छ, सफा, हराभरा नगरको निर्माण गरी नागरिकको स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकारको सुनिश्चित गर्ने।

## ३.३ उद्देश्य

१) वातावरणीय सुधार सम्बन्धी जनचेतनामूलक कार्यक्रमको माध्यमबाट व्यवहारमा परिवर्तन ल्याउनुका साथै वातावरणमैत्री टोलको विकास गर्ने।

२) सवारीसाधनका कारण हुने वायु तथा वातावरणीय प्रदूषणको असरमा कमी ल्याउन विद्युतीय सवारीसाधनको प्रवर्द्धन गरी सार्वजनिक तथा अन्य यातायात सेवालाई वातावरणमैत्री र नागरिकमैत्री बनाउने

३) निजी क्षेत्रको समेत सहकार्यमा स्वच्छ ऊर्जा तथा प्रविधिको प्रयोगबाट नगरक्षेत्रमा रहेका विभिन्न उद्योगको उत्सर्जन कम गरी वायु तथा वातावरणीय प्रदूषण न्यूनीकरण गर्ने।

४) वातावरणमैत्री तवरबाट फोहोरमैलाको व्यवस्थापन तथा खुलारूपमा कृषि अवशेष तथा प्लाष्टिकजन्य फोहर जलाउने कार्यमा नियन्त्रण गरी वातावरण प्रदूषण न्यूनीकरण गर्ने।

५) विद्यालय तहबाट वातावरण शिक्षा विस्तार गरी शैक्षिक क्षेत्रमा सुधार ल्याई सामाजिक व्यवहारमा परिवर्तन ल्याउने।

६) वायु प्रदूषणका अवस्था, कारण र असर न्यूनीकरण एवं रोकथामका उपायबारे स्वास्थ्य संस्था तथा सञ्चारकर्मी मार्फत बृहत्तर जनचेतना अभिवृद्धि गरी बानी व्यवहारमा परिवर्तन ल्याई स्वास्थ्य क्षेत्रमा सुधार ल्याउने।

७) वन उपभोक्ता समितिको क्षमता अभिबृद्धि गरी वन डढेलो नियन्त्रण तथा हरियाली प्रवर्द्धन गर्ने।

८) वायु प्रदूषण न्यूनीकरणका लागि नीतिगत, कानुनी तथा संस्थागत संरचनाको सुदृढीकरण गर्दै आर्थिक स्रोतको सुनिश्चितता गर्ने।

9) नगर क्षेत्रमा रहेका कृषी पकेट क्षेत्रमा किटनाशक विषादीको प्रयोगबाट हुने प्रदूषण न्यूनीकरण गरी प्राङ्गारिक मल र जौविक विषादीको प्रयोगलाई प्रवर्द्धन गर्ने।

१०) नगर क्षेत्र भित्रका पूर्वाधार विकासका आयोजनाहरुमा वातावरण मैत्री र जलवायु उत्थानशिल आर्थिक विकासका अवधारणा अवलम्बन गर्ने।

# ४. उद्देश्यहरु

## ४.१ उद्देश्य १) वातावरणीय सुधार सम्बन्धी जनचेतनामूलक कार्यक्रमको माध्यमबाट व्यवहारमा परिवर्तन ल्याउनुका साथै वातावरणमैत्री टोलको विकास गर्ने।

### ४.१.१ वर्तमान अवस्था

कागेश्वरी मनोहरा नगरपालिका अन्तर्गत विभिन्न सामुदायिक संघसंस्थाहरू दर्ता भई क्रियाशील रहेका छन्।यस नगरपालिकामा (आ.व. ०८०/८१ सम्ममा) जम्मा ११६ वटा संघसंस्था तथा २० वटा खेलकुद क्लब सञ्चालनमा रहेका छन्। वातावरणको सवालमा क्रियाशील यस्ता संघसंस्थाहरूमा टोल सुधार समिति, उपभोक्ता समिति, महिला समूह, खानेपानी तथा सरसफाइ उपभोक्ता समिति तथा विभिन्न युवा क्लबहरु पर्छन्। केही गैरसरकारी संघसंस्थाहरू पनि नगरपालिका क्षेत्रमा कार्यरत छन्।

### ४.१.२ समस्या तथा चुनौतीहरू

विभिन्न समूह र संघसंस्थाहरूमा वातावरण वा विशेषगरी वायु प्रदूषण सम्बन्धी जानकारी राख्ने मानवीय संशाधन र समर्पित संयन्त्रको अभाव रहेको सन्दर्भमा यिनीहरूले प्रभावकारी भूमिका खेल्न नसकेको देखिन्छ।साथै, यस्ता संघसंस्था पूर्णरूपले वातावरण तथा सरसफाइको बारेमा खासै सक्रिय देखिँदैन। यसका अलावा वातावरणीय तथा वायु प्रदूषणमा टेवा पुग्ने खालका सामाजिक बानी व्यवहारहरू, जस्तै; खुलारूपमा फोहोर जलाउने, जथाभावी फोहोर फाल्नेजस्ता अभ्यासमा कमी ल्याउने काममा समेत सक्रिय हुनु आवश्यक देखिन्छ।

केन्द्रिय तथ्यांङ्क विभागको २०७८ को जनगणना अनुसार कागेश्वरी मनोहरा नगरपालिका क्षेत्रमा अझै पनि १.८४ प्रतिशत घरधुरी तथा वडा नं १ र वडा नं २ मा सबैभन्दा बढी क्रमशः १९ प्रतिशत र ९.५ प्रतिशत घरधुरीले दाउरामा खाना पकाउने गरेको देखिन्छ दाउरामा खाना पकाउँदा घरभित्रको प्रदूषणले महिला तथा बालबालिकाको स्वास्थ्यमा असर पर्ने सम्भावना अधिक देखिन्छ।यस्ता खालका समस्या

समाधानका लागि स्वच्छ ऊर्जाको प्रयोग तथा सचेतनामा समेत नागरिक समाज तथा स्थानीय संस्थाको भूमिका महत्वपूर्ण देखिन्छ।

### ४.१.३ सम्भावना तथा अवसरहरू

नगरपालिकामा रहेका क्रियाशील समूह, संघसंस्था, नागरिक समाज एवं सञ्चारमाध्यमको भूमिकाले वायु प्रदूषण रोकथाममा ठूलो टेवा पुग्न सक्ने देखिन्छ  स्थानीय समूह परिचालन मार्फत खुलारूपमा फोहोर जलाउने कार्य रोक्न सहज हुनेछ। स्थानीय समूह परिचालन र स्थानीय सञ्चारमाध्यमको सहकार्यमा नगरस्तरमा वायु प्रदूषण घटाउने सम्बन्धमा आमनागरिकको बानी व्यवहारमा सकारात्मक परिवर्तन ल्याउन सकिन्छ। चुस्त फोहोरमैला व्यवस्थापन र वातावरण संरक्षणमा नगरपालिकालाई खबरदारी गर्न र जवाफदेही बनाउन नागरिक समाज एवं सञ्चारमाध्यमको सशक्त भूमिका अपरिहार्य देखिन्छ। 'मेरो फोहर मेरो जिम्मेवारी, हाम्रो टोल हाम्रो जिम्मेवारी' को रूपमा विकास भई सार्वजनिक स्थान, सडक, खोलामा फोहर फ्याक्ने बानीमा सुधार हुने देखिन्छ।

### ४.१.४ रणनीति

- नगरपालिकाले गर्ने सबैखालका कार्यमा सहभागितात्मक पद्धति अपनाई सबै तह तथा वर्गका नागरिकको संलग्नता सुनिश्चित गरी वातावरण मैत्री टोल निर्माण गर्ने।
- घर भित्रको प्रदूषण न्यूनीकरण गर्नको लागि बैकल्पिक उर्जा/विद्युतिय चुलोको उपयोगमा प्रबर्द्धन गर्ने।
- बैकल्पिक तथा पुनःप्रयोग हुने कपडाको प्याड प्रयोगमा प्रबर्द्धन गर्ने।
- जनसहभागितामा खानेपानी मूलहरुको संरक्षण गर्ने।
- नदि किनार कोरिडोरमा सडक निर्माण संगै हरियाली प्रबर्द्धन गर्ने।
- टोल सुधार समितिलाई पुरस्कृत गर्ने।
-

### ४.१.५ कार्ययोजना

| क्र.स. | कार्यक्रम | समयावधि | अपेक्षित अवस्था तथा सूचक | जिम्मेवार निकाय | सहजिकरण सहयोग | पुष्ट्यौंइका आधार |
|---|---|---|---|---|---|---|
| १ | समुदायमा आधारित संघसंस्थाहरु, महिला समुह, युथ क्लबहरु, वन समूह, टोल, सहकारीहरुलाई वायु प्रदूषण र यसका असरबारे क्षमता अभिबृद्धि गर्ने। | ३ बर्ष | हरेक वडामा वातावरण तथा वायु गुणस्तरमा काम गर्ने संघसंस्था, महिला समूह, युथ क्लब, वन समूह, टोल, सहकारी संस्था यकिन भई काममा अग्रसर हुने। | gu/kflnsf - महिला,बालबालिका तथा समाजकल्याण शाखा | संघसंस्थाहरु, महिला समूह, युथ क्लब, वन समूह, टोल, सहकारी, USAID स्वच्छ हावा परियोजनादातृ निकाय | • नगरपालिकामा दर्ता तथा सूचीकृत भएको प्रमाण।<br>• टोल विकास संस्थाको माइन्युट तथा वडाको प्रतिवेदन। |
| २ | सार्वजनिक स्थलमा बृक्षारोपण गरी टोल तथा समुदायमा हरियाली प्रबर्द्धन गर्ने। | ३ बर्ष | वडा तथा नगरपालिकाको समन्वयमा स्थानीय प्रजातिका बोटबिरुवा रोपी हरियाली प्रवर्द्धन गर्ने। | gu/kflnsf | संघसंस्थाहरु, महिला समूह, युथ क्लब, वन समूह, टोल, सहकारी, USAID स्वच्छ हावा परियोजनादातृ निकाय | • निर्णय पुस्तिका तथा सूचनापाटी |
| ३ | घरभित्रको प्रदूषणबाट स्वास्थ्यमा पर्ने असरका बारेमा विशेषगरी सीमान्तकृत महिला, बालबालिका, जेष्ठ तथा अपाङ्गता भएका नागरिकलाई सचेत गरी वैकल्पिक उर्जा/विद्युतीय चुलोको उपयोग प्रवर्द्धन गर्न जनचेतना बृद्धि लगायतका सिप बृद्धिका लागि प्रशिक्षण प्रदान गर्ने। | ३ बर्ष | प्रशिक्षण प्राप्त गरी सो मध्य कम्तिमा ५० प्रतिशत वैकल्पिक उर्जा/विद्युतीय चुलोको प्रयोग गरेको हुने। | gu/kflnsf - महिला,बालबालिका तथा समाजकल्याण शाखा | स्थानीय नागरिक | • प्रशिक्षणको प्रतिवेदन र अनुगमनको प्रतिवेदन |
| ४ | विद्यालय तथा समुदाय स्तरमा सेनिटरी प्याडको विकल्पको रूपमा पुनः प्रयोग हुने | ३ बर्ष | कपडाको प्याड प्रयोग हुने | gu/kflnsf - महिला,बालबालिका तथा समाजकल्याण | स्थानीय नागरिक, संघसंस्थाहरू तथा | • प्रशिक्षणको प्रतिवेदन र अनुगमनको |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | कपडाको प्याड प्रयोग गर्न प्रोत्साहन गर्ने र जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने | | | शाखा ,÷ lzlff zfvf | गैर सरकारी संस्थाहरु | प्रतिवेदन |
| ५ | नियमितरूपमा खानेपानीका मूलहरूको सरसफाई तथा संरक्षण कार्यक्रम सञ्चालन गर्ने | ३ बर्ष | टोल तथा वडामा खानेपानीको लगत राखी संरक्षण गरेको र स्रोतहरूको गुणस्तर परीक्षण गरेको | gu/kflnsf - खानेपानी तथा ढल व्यवस्थापन शाखा | खानेपानी उपभोक्ता समिति | • खानेपानीको मुहानहरूको संख्यात्मक विवरण प्रतिवेदन |
| ६ | लैङ्गिकमैत्री, बालमैत्री र अपाङ्गमैत्री सार्वजनिक शौचालयको निर्माण गरी उचित व्यवस्थापन गर्ने | ३ बर्ष | धार्मिक तथा पर्यटकीय क्षेत्रमा सार्वजनिक शौचालय निर्माण भएको | gu/kflnsf - महिला,बालबालिका तथा समाजकल्याण शाखा ,÷ lzlff zfvf | स्थानीय नागरिक, संघसंस्थाहरू तथा गैर सरकारी संस्थाहरु | • र्माण सम्पन्न प्रतिवेदन तथा सूचना पाटी |
| ७ | प्लास्टिकजन्य वस्तुहरूको विकल्पमा कागज र कपडाका झोला प्रयोगमा प्रोत्साहन गर्ने | ३ बर्ष | • नगरपालिकामा यस सम्बन्धी नीति तथा कार्यविधि तयार भएको हुने<br>• कम्तीमा तीन वडामा नमुनाको रूपमा लागू हुने<br>• सिलाई सम्बन्धी तालिम प्राप्त गरेका स्थानीय महिला समूह तथा अन्य उद्यमीलाई प्रोत्साहन गरी कपडा झोला उत्पादन तथा खपत भएको हुने | gu/kflnsf - महिला,बालबालिका तथा समाजकल्याण शाखा ,÷ lzlff zfvf | स्थानीय नागरिक, संघसंस्थाहरू तथा गैर सरकारी संस्थाहरु | • नीति तथा कार्यविधिप्रति<br>• वडाको प्रतिवेदन<br>• उद्योगहरूको संख्यात्मक विवरण तथा प्रतिवेदन |
| ८ | समुदायस्तरमा वातावरण सम्वन्धी आवश्यक्ता अनुसार जनचेतनामूलक कार्यक्रम गर्ने | ३ बर्ष | हरेक वडामा स्थानीय समूह तथा संस्था मार्फत नियमित रूपमा जनचेतनामूलक कार्यक्रम सञ्चालन भएको हुने | gu/kflnsf | स्थानीय नागरिक, संघसंस्थाहरू तथा गैर सरकारी संस्थाहरु | • माइन्युटको प्रति<br>• सहभागीहरूको संख्या |
| ९ | समुदाय स्तरको सहभागितामा टोल सरसफाई तथा सौन्दर्यता कायमा गर्ने। | ३ बर्ष | नियमित रुपमा सरसफाई तथा घरको कम्पाउन्ड/छतमा फूल/बिरुवा रोपी सौन्दर्य कायम भएको हुने। | gu/kflnsf | स्थानीय नागरिक, संघसंस्थाहरू तथा गैर सरकारी संस्थाहरु | • टोल सुधार समितिको माइन्युट तथा वडाको प्रतिवेदन |
| १० | टोल/बस्तीहरुमा वातावरण संम्बन्धी सन्देश मुलक बोर्डहरु (ICT Materials) राख ने। | ३ बर्ष | मुख्य चोकहरुमा सन्देशमुलक बोर्ड (ICT Materials) राखेको हुने। | gu/kflnsf | स्थानीय नागरिक, संघसंस्थाहरू तथा गैर सरकारी | • सन्देशमूलक बोर्डको संख्या |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | संस्थाहरु | |
| ११ | बागमती तथा मनोहरा खोला र यसका सबै शाखा खोलाहरुमा कोरिडोरमा ग्रिन बेल्टसहितको सडकमार्ग निर्माण गरी हरियाली प्रवर्द्धन गर्ने। | ३ बर्ष | सडक निर्माणसँगै स्थानीय प्रजातिका बिरुवाहरु रोपेको हुने। | gu/kflnsf पुर्वाधार विकास शाखा | स्थानीय नागरिक, संघसंस्थाहरू तथा गैर सरकारी संस्थाहरु | • निर्णयको प्रति तथा कार्यक्रम सम्पन्नताको प्रतिवेदन |
| १२ | नागरिक समाजको संजालको संलग्नतामा मुख्य चोकहरुमा स्वच्छ हावा कार्यक्रम अभियान संचालन गर्ने। | ३ बर्ष | तोकिएको स्थानहरुमा त्रैमासिक रुपमा स्वच्छ हावा कार्यक्रम अभियान संचालन भएको हुने। | gu/kflnsf | नागरिक समाज, USAID स्वच्छ हावा | • अभियानको संख्या तथा सञ्चालनको माइन्युट |
| १३ | स्थानीय संघसंस्थाको संजाललाई वायु प्रदूषण तथा पैरवी सम्बन्धी विषयमा क्षमता अभिवृद्धि कार्यक्रम। | ३ बर्ष | बर्षको दुई वटा तालिम संचालन भएको हुने। | gu/kflnsf | स्थानीय संघ–संस्था, USAID स्वच्छ हावा | • प्रशिक्षणको प्रतिवेदन |
| १४ | नागरिक समाजको संलग्नतामा प्रदूषण न्यूनीकरण अभियान संचालन, अनुगमन तथा पैरवी कार्यक्रम परिचालन गर्ने। | ३ बर्ष | वातावरण सम्बन्धी मुद्दा उत्थान भई नियमित अनुगमन भएको हुने। | gu/kflnsf | नागरिक समाज | • नागरिक समाजको माइन्युट र अनुगमनको कलिस्ट तथा प्रतिवेदन |
| १५ | नागरिक समाजको सहभागितामा सार्वजनिक सुनुवाइ, सामाजिक लेखाजोखा जस्ता जवाफदेहिताका विधिको प्रयोग गरी समाजिक उत्तरदायित्व कायमा गर्ने। | ३ बर्ष | सामाजिक जवाफदेहिता विधिको प्रयोग गरी बार्षिक रुपमा कार्यक्रम संचालन भई स्थिति सार्वजनिक गरेको। | gu/kflnsf | नागरिक समाज | • नगरपालिका वेभसाइट अद्यावधिक |
| १६ | नदी, खोला, खहरे सरसफाई सम्बन्धी निर्देशिका तयार गरी कार्यान्वयन गर्ने। | १ बर्ष | • नदी, खोला, खहरे सरसफाई निर्देशिका तयार हुने।<br>• नदी, खोला, खहरे सरसफाईमा खोला किनारका नगरिकहरुको संलग्नतामा बृद्धि गर्न ९ वटै वडामा अभियान संचालन भएको हुने। | gu/kflnsf | नागरिक समाज, सेवा प्रदायक संस्था, USAID स्वच्छ हावा | • राजपत्र तयार हुने<br>• निर्णय माइन्युट<br>• प्रतिवेदन |

## ४.२ उद्देश्य २) सार्वजनिक तथा अन्य यातायात सेवालाई वातावरणमैत्री र नागरिकमैत्री रूपमा सुधार गरी विद्युतीय सवारीसाधनको प्रवर्द्धनबाट सवारीसाधनका कारण हुने वातावरणीय प्रदूषणको असरमा कमी ल्याउने।

### ४.२.१ वर्तमान अवस्था

यस नगरपालिकामा रहेका सडकहरुको कुल लम्बाइ 271.80 किलोमिटर छ। करिब 23.04 प्रतिशत सडक कालोपत्रे छ। सडकको 52.09 प्रतिशत भाग माटोको र 24.87 प्रतिशत सडक ग्राभेलको छ। कागेश्वरी मनोहरा नगरपालिका पूर्वमा चाँगुनारायण नगरपालिका तथा शंखरापुर नगरपालिका, पश्चिममा गोकर्णेश्वर नगरपालिका तथा काठमाडौं महानगरपालिका, उत्तरमा शिवपुरी राष्ट्रिय निकुञ्ज र दक्षिणमा काठमाडौं महानगरपालिका तथा मध्यपुर ठिमी नगरपालिकाबाट घेरिएको छ। कागेश्वरी मनोहरा नगरपालिकामा चावहिल-साँखु-मेलम्ची सडकमा दैनिक 5 हजार गाडी चल्ने अनुमान रहेको र उक्त सडकमा सवारी चाप अत्याधिक रहेको छ।

त्यसैगरी २०७८ को जनगणनाको तथ्याङ्क अनुसार नगरपालिका क्षेत्रभित्र जम्मा 9.3 प्रतिशत घरधुरीमा चार पाङ्ग्रे सवारीसाधन, 51.3 प्रतिशतमा मोटरसाइकल र 13.9 प्रतिशत घरसँग साइकल भएको देखिन्छ।तर आगामी दिनमा यस नगरपालिकाको सवारीसाधनको प्रतिशतमा वृद्धि भई त्यसबाट हुन सक्ने वायुप्रदूषण कम गर्ने दिगो तथा प्रभावकारी व्यवस्था तथा हिँड्ने तथा साइकलको प्रवर्द्धन गर्नुपर्ने देखिन्छ।

सडकमार्गमा गुड्ने सवारीसाधनबाट हुने प्रदूषण नियन्त्रण गर्न कागेश्वरी मनोहरा नगरपालिकाले यातायात व्यवस्था कार्यालय, ट्राफिक प्रहरी तथा USAID स्वच्छ हावा परियोजनासँगको समन्वयमा नमुनाको रूपमा प्रदूषण चेकजाँच शिविर सञ्चालन गरी हरियो स्टिकर वितरण तथा फेल भएका सवारीसाधनका चालकलाई स्थलगत प्रशिक्षण समेत दिने व्यवस्थाको लागि आवश्यक तयारी भै रहेको छ।

### ४.२.२ समस्या तथा चुनौतीहरू

यस नगरपालिकाभित्र पर्ने सडकमार्गको सडक स्तरोन्नति र फुटपाथ बनाउने र सबै वडाका अधिकांश सडकको मर्मतसम्भार र सडक छेउको नालीमा तत्काल ध्यान दिन आवश्यक छ। सहरीकरणसँगै नगरपालिकामा पेट्रोल तथा डिजेलबाट चल्ने सवारीसाधनको चाप बढ्दै गएको अवस्था छ भने भविष्यमा अझै तीव्र गतिमा बढ्दै जाने देखिन्छ। यसले गर्दा नगरपालिकामा सवारीको कारणले हुने प्रदूषणको मात्रा पनि बढ्दै जाने देखिन्छ। संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, यातायात व्यवसायी, नागरिक समाज तथा अन्य सरोकारवालाहरूको सहभागितामा पहल गर्ने हो भने प्रदूषण न्यूनीकरणमा महत्वपूर्ण टेवा पुग्न सक्ने देखिन्छ। यसका साथै सडक निर्माण कार्य निर्धारित समयमा सम्पन्न नहुने, केही सडकहरू कालोपत्र हुन बाँकी रहेको र सडक निर्माणका क्रममा फुटपाथको व्यवस्था नगरिँदा तथा सडक र नदी किनारमा हरियाली नहुँदा धुलोको समस्या पनि अत्याधिकरूपमा बढेको देख्न सकिन्छ। विविध समस्या तथा चुनौतीहरूका बाबजुद स्थानीयस्तरमा वायु प्रदूषण न्यूनीकरणका लागि आवश्यक पहलकदमीहरू प्राथमिकताका साथ अवलम्बन गर्न शुरु गरिएको छ।

### ४.२.३ सम्भावना तथा अवसरहरू

स्थानीय सरकार, नागरिक समाज, यातायात व्यवसायी, निर्माण व्यवसायी, ट्राफिक प्रहरी कार्यालय तथा यातायात व्यवस्था विभागको समन्वयमा सवरीसाधन उत्सर्जन मापदण्ड निर्धारण गर्ने, नियमित सवारी चेकजाँचको व्यवस्था तथा नियमन गर्न सकिने देखिन्छ।साथै, विभिन्न संघसंस्थाको सहकार्यमा सवारीसाधनबाट हुने वायु प्रदूषण न्यूनीकरणका लागि नवप्रवर्द्धनका कार्यहरू गर्न सकिने देखिन्छ। नगरपालिकाले यातायात व्यवस्थापनमा काम गरेको देखिन्छ भने त्यस कार्यलाई नियमित र समर्पित भई सम्पादन गर्दा झन् राम्रो हुने देखिन्छ।

### ४.२.४ रणनीति

- नगरपालिका क्षेत्रभित्र गुड्ने विशेषगरी सार्वजनिक सवारीहरू नियमित सर्भिसिङ र मर्मत गरी प्रदूषण न्यूनीकरणमा टेवा पु¥याउने।
- विभिन्न निजी तथा अन्य संस्थाहरूको सहकार्यमा प्रभावकारी सार्वजनिक सवारी प्रवर्द्धन गरिनुका साथै साइकल संस्कृति तथा हिँड्ने बानीको विकास गर्ने कार्यमा प्राथमिकता प्रदान गर्ने।
- विद्युतीय सवारी साधन खरिद र प्रयोगमा प्रोत्साहन गरी चार्जिङ्ग स्टेशन स्थापना गर्ने।

### ४.२.५ कार्ययोजना

| क्र.स. | कार्यक्रम | समयावधि | अपेक्षित अवस्था तथा सूचक | जिम्मेवार निकाय | सहजिकरण सह |
|---|---|---|---|---|---|
| १ | विभिन्न रुटमा चल्ने सार्वजनिक यातायातको अभिलेख राखने तथा नियमित चेकजाँच गराउने र अनुगमन प्रणाली व्यवस्थित गर्ने। | ३ बर्ष | • सवारीसाधन प्रदूषण चेकजाँच कार्यविधि तयार भएको।<br>• नियमित रुपमा चेकजाँच संचालन भएको | gu/kflnsf | यातायात व्य विभाग, ट्रा कार्यालय, नगरपालिका अनुगमन स तथा नाग समाजको परिचालन |
| २ | सार्वजनिक तथा निजी दुवै सवारीबाट निस्कने उत्सर्जन नियमित जाँच गर्ने संयन्त्र निर्माण गर्ने। | १ बर्ष | • नगरपालिकाको आफ्नै मेसिन र जनशक्ति मार्फत नियमित चेकजाँच भएको।<br>• सवारीसाधनको नियमित प्रदूषण नियन्त्रण चेकजाँच गराई Green Sticker टाँस्ने गरेको। | gu/kflnsf | ट्राफिक व्यवस्थ कार्यालय, यात व्यवसायी |
| ३ | Vehicle Emission Testing Machine खरिद गर्ने। | १ बर्ष | Vehicle Emission Testing Machine खरिद भएको हुने। | gu/kflnsf | |
| ४ | मुख्य चोकहरुमा वायु प्रदूषण तथा आद्रता मापन यन्त्र जडान सूचना सार्वजनिक गर्ने। | २ बर्ष | छनौट भएका स्थानमध्ये कम्तीमा दुई स्थानमा यन्त्र जडान तथा प्राप्त सूचना सार्वजनिक भएको। | gu/kflnsf | USAID स हावा परियोज |
| ५ | नगरवासीलाई विद्युतीय सवारीसाधन खरिद र प्रयोग गर्न उत्प्रेरणा गर्दै चार्जिङ्ग | २ बर्ष | • कम्तीमा दुई चार्जिङ्ग स्टेसन स्थापना भएको। | gu/kflnsf | USAID स हावा परियो |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | स्टेसन स्थापना गर्न विभिन्न सरोकार निकायसँग समन्वय गर्ने। | | • विद्युतीय सार्वजनिक यातायात संचालन भएको। | | (डिजाइन निर्माण), निजी क्षेत्र, नेपाल विद्युत प्राधिकरण | |
| **6** | सवारी साधनको उत्सर्जन कम गर्न सवारी मर्मतका लागि चेतना बढाउने र क्षमता अभिबृद्धि कार्यक्रम संचालन गर्ने। | ३ बर्ष | • सवारी मर्मतका लागि तालिम सामग्री तयार भएको।<br>• २० जनालाई सवारी मर्मत सम्भार तालिम दिने। | gu/kflnsf | USAID स्वच्छ हावा परियोजना, यातायात व्यवसायी, नागरिक समाज | • तालिम सामग्री तयार प्रति<br>• तालिमको प्रतिवेदन |
| **7** | सार्वजनिक यातायातलाई सबै बासिन्दालाई सजिलै उपलब्ध, पहुँचयोग्य र किफायती बनाउने। | ३ बर्ष | सहुलियतमा आधारित सार्वजनिक यातायातलाई नगरपालिकाले तोकिएको सेवा दिए बापत बार्षिक सहयोग गर्ने। | gu/kflnsf | यातायात व्यवसायी, नागरिक समाज | वार्षिक कार्यक्रम तथा कार्यक्रम प्रतिवेदन |

## ४.३ उद्देश्य ३) निजी क्षेत्रको समेत सहकार्यका स्वच्छ ऊर्जा तथा प्रविधिको प्रयोगबाट नगरक्षेत्रमा रहेका विभिन्न उद्योगको उत्सर्जन कम गरी वायु तथा वातावरणीय प्रदूषण न्यूनीकरण गर्ने ।

### ४.३.१ वर्तमान अवस्था

उद्योगको डाटा आउन बाँकी

### ४.३.२ समस्या तथा चुनौतीहरू

प्रदूषण न्यूनीकरणका लागि विद्यमान उद्योगहरूमा वातावरणमैत्री प्रविधिको प्रयोग व्यापक रूपमा गर्न सकेको देखिँदैन।अवस्थित पूर्वाधारलाई वातावरणमैत्री बनाउन धेरै ठूलो लगानी लाग्ने हुनाले पनि उद्योग व्यवसायहरू अलिक निरुत्साहित देखिन्छन्।

### ४.३.३ सम्भावना तथा अवसरहरू

यस नगरपालिकामा स्थानीय सरकार, निजी क्षेत्र तथा नागरिक समाजबीच समन्वयको वातावरण तयार भएको हुँदा प्रदूषण न्यूनीकरणमा सहकार्यको प्रचुर सम्भावना रहेको देखिन्छ।नगरपालिका आफैँमा पनि पर्यटकीय, पुरातात्विक तथा ऐतिहासिक महत्व बोकेको हुँदा यस नगरपालिकाले प्रदूषण न्यूनीकरणमा नमुनाको रूपमा प्रस्तुत गर्न सकेमा हरित पर्यटकीय केन्द्र नमुनाको रूपमा विकास गर्न सकिने सम्भावना रहेको देखिन्छ।

### ४.३.४ रणनीति

- नगरपालिकाभित्र चल्ने उद्योग तथा कलकारखानामा नयाँ प्रविधिको स्वच्छ ऊर्जा प्रयोगमा प्रोत्साहन तथा हरित अर्थतन्त्रमा टेवा पु¥याउने।
- उद्योग तथा कलकारखानाहरूबाट हुने प्रदूषण नियन्त्रण तथा न्यूनीकरणका लागि नागरिक समाजसहितको प्रभावकारी अनुगमन प्रणालीको व्यवस्था गर्ने।
- उद्योग तथा कलकारखानाबाट हुने प्रदूषण नियन्त्रण गर्न अनुगमन तथा तय गरिएको मापदण्डको आधारमा कारबाही तथा पुरस्कृत गर्ने।
- उद्योग तथा कलकारखाना सम्बन्धि~~सम्बन्धी~~ नीति तथा कार्यक्रम निर्माणमा सम्बन्धित सरोकार पक्षको संलग्नता र सहभागिताको सुनिश्चित गर्ने।
- वातावरणीय सुधारमा निजी क्षेत्रको सहभागिता र लगानी बढाउन टेवा पु¥याउने।

## ४.३.५ कार्ययोजना

| क्र.स. | कार्यक्रम | समयावधि | अपेक्षित अवस्था तथा सूचक | जिम्मेवार निकाय | सहजिकरण सहयोग | पुष्ट्याँइका आधार |
|---|---|---|---|---|---|---|
| १ | वैकल्पिक ऊर्जा तथा प्रदूषण नियन्त्रण गर्न आवश्यक प्रविधिबारे अध्ययन, जानकारी र परीक्षणका लागि तालिम तथा गोष्ठी संचालन | ३ बर्ष | नगरपालिका कर्मचारी, कार्यपालिका सदस्यहरू, नागरिक समाजका संघसंस्थालाई तालिम दिने | gu/kflnsf | USAID स्वच्छ हावा परियोजनादातृ निकाय, निजी क्षेत्र, नागरिक समाज | तालिम प्रतिवेदन |
| २ | उद्योग तथा कलकारखाना संचालन कार्यमा वातावरणमैत्री प्रविधिको प्रयोग गर्न प्रोत्सहन गर्ने | २ बर्ष | व्यवसाय, उद्योग कलकारखानाको वडागत तथ्याङ्क संकलन र समन्वय बैठक गर्ने | gu/kflnsf | व्यवसाय, उद्योग कल कारखाना, नागरिक समाज | • तथ्याङ्क प्रतिवेदन<br>• बैठक माइन्युट |
| ३ | नागरिक समाजको सहकार्यमा नगर क्षेत्रमा संचालित उद्योगहरुको अनुगमन गरी प्रतिवेदन सार्वजनिक गर्ने। | २ बर्ष | • अनुगमन चेकलिस्ट तयार<br>• वार्षिक दुई वटा अनुगमन गर्ने | gu/kflnsf | व्यवसाय, उद्योग, कलकारखाना, नागरिक समाज | • अनुगमन चेकलिस्ट<br>• वार्षिक अनुगमन प्रतिवेदन |
| ४ | हरित व्यवसाय प्रवर्द्धन गर्न आवश्यक तालिम संचालन गर्ने। | २ बर्ष | • हरित व्यवसाय सम्बन्धी तालिम पुस्तिका तयार<br>• वार्षिक 50 जनालाई तालिम प्रदान गर्ने | gu/kflnsf | व्यवसाय, उद्योग, कलकारखाना, नागरिक समाज, USAID स्वच्छ हावा परियोजना | • तालिम पुस्तिकाका प्रति<br>• तालिम प्रतिवेदन |
| ५ | वातावण तथा जनस्वास्थ्यमा प्रदूषण नियन्त्रणका लागि राम्रो काम गर्नेलाई पुरस्कारको व्यवस्था गर्ने। | प्रत्येक बर्ष | पुरस्कारको लागि सूचकहरु तयार गरी बर्षमा बढीमा तीन वटा उद्योगलाई पुरस्कार दिने | gu/kflnsf | व्यवसाय, उद्योग, कलकारखाना, नागरिक समाज | • सूचकहरु छपाई<br>• निर्णय माइन्युट तथा प्रतिवेदन |
| ६ | विभिन्न उद्योगका कामदार तथा मजदुरहरुलाई प्रदूषणबाट बच्न नीति निर्माण गरी नियमन गर्ने। | २ बर्ष | • वार्षिक नीतिमा समावेश गर्ने<br>• सचेतना गर्ने | gu/kflnsf | निजी क्षेत्र, नागरिक समाज, उद्योग व्यवसायी | वार्षिक नीतिमा समावेश भएको हुने |
| ७ | महिला, विपन्न अपाङ्गता, लैंगिक तथा यौनिक अल्पसंख्यक वर्गको आर्थिक विकासका लागि वातावरण सन्तुलन तथा वायु प्रदूषण व्यवस्थापनमा टेवा पु¥याउने | २ बर्ष | सबै वडाका सरोकारवालालाई तालिम संचालन गर्ने | gu/kflnsf | निजी क्षेत्र, नागरिक समाज तथा सरोकारवाला संघसंस्था, USAID | तालिम प्रतिवेदन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | विभिन्न व्यवसाय तथा सिपको प्रशिक्षण प्रदान गर्ने | | | | ~~स्वच्छ हावा परियोजना~~दातृ निकाय | |
| ८ | वित्तीय संस्था, होटल, मार्ट, ग्यारेज, खाद्यपदार्थ तथा पेयपदार्थ उत्पादन गर्ने उद्योग र डाइङ्ग व्यवसायीहरूमा सकारात्मक सोचको विकास गरी वायु प्रदूषण न्यूनीकरणमा क्षमता वृद्धि गरी वित्तीय लगानी गराउन प्रोत्साहन गर्ने । | २ बर्ष | हरियाली प्रवर्द्धनको लागि कर्पोरेट सामाजिक उत्तरदायित्व बहन सुनिश्चितता गर्न समन्वय बैठक गर्ने। | gu/kflnsf | निजी क्षेत्र, व्यवसाय, उद्योग कलकारखाना, नागरिक समाज, ~~USAID स्वच्छ हावा परियोजना~~दातृ निकाय | बैठक माइन्युट तथा सम्पन्न प्रतिवेदन |
| ९ | वायु गुणस्तर व्यवस्थापनमा निजी क्षेत्रहरूलाई संलग्न गराउने वातावरण सिर्जना गर्ने । | २ बर्ष | वर्षमा कम्तीमा दुईवटा समन्वय बैठक गर्ने | gu/kflnsf | व्यवसाय, उद्योग कलकारखाना, नागरिक समाज, निजी क्षेत्र | बैठक माइन्युट |

## ४.४ उद्देश्य ४) वातावरणमैत्री तवरबाट फोहोरमैलाको व्यवस्थापन तथा खुल्लारूपमा फोहोर जलाउने कार्यमा नियन्त्रण गरी वातावरण प्रदूषण न्यूनीकरण गर्ने ।

### ४.४.१ वर्तमान अवस्था

कागेश्वरी मनोहरा नगरपालिकाको ९ वटा वडामा भइरहेको फोहोरमैला संकलन गर्ने ५ वटा संस्था/कम्पनीहरूले फोहोरमैला संकलन तथा व्यवस्थापनको काम गरिरहेको छ। फोहोरलाई मिश्रितरूपमा संकलन गर्ने गरेको छ। केही कम्पनीले फोहोर छुट्टाउनका लागि स्थानको व्यवस्था गरेका छन् भने बाँकी सबै कम्पनीहरूले गाडीबाटै फोहोर छुट्टाएर सिसडोल पठाउने गरेका छन्।

### ४.४.२ समस्या तथा चुनौतीहरू

नगरपालिकाको सम्पूर्ण घरधुरी समेटिने गरी फोहोरमैला वर्गीकरण तथा संकलन हुन नसक्दा फोहोरमैलाको उचित व्यवस्थापन गर्न नसकिएको अवस्था रहेको छ। फोहोर संकलन प्रभावकारी नहुँदा सार्वजनिक स्थानहरूमा फोहोर थुपार्ने, कृषि अवशेष र प्लाष्टिक जलाउने प्रवृत्तिमा कमी ल्याउन सकिएको छैन। खुलारूपमा कृषि अवशेष र प्लाष्टिक जलाउनाले वायु प्रदूषण दिनानुदिन बढी रहेको अवस्था छ। फोहोरमैला व्यवस्थापनका लागि समन्वय गरिएका निजी क्षेत्र, स्थानीय समुदाय तथा नगरपालिकाले संयुक्त रूपमा नियमित छलफल गरी यस कार्यलाई थप प्रभावकारी बनाउनुपर्ने टड्कारो आवश्यकता देखिन्छ।

### ४.४.३ सम्भावना तथा अवसरहरू

नगरपालिकाका सम्पूर्ण घरधुरीमा फोहोरमैला संकलन तथा वर्गीकरणको दायरामा समेटेर फोहोरमैला व्यवस्थापन गर्नुपर्ने देखिन्छ। फोहोरमैला प्रशोधन केन्द्र छिट्टै तयार गरी सञ्चालन गर्न सकेमा नगरपालिकाको फोहरमैला व्यवस्थापनमा नयाँ आयाम थपिने देखिन्छ। विभिन्न स्थानीय समूह तथा बालबालिकाहरूको समूह मार्फत खुला रूपमा कृषि अवशेष र प्लाष्टिक जलाउने प्रवृत्तिलाई निरुत्साहित गर्न प्रभावकारी अभियान सञ्चालन गरी सामाजिक बानी व्यवहारमा परिवर्तन ल्याउन सकिने सम्भावना रहेको देखिन्छ।

### ४.४.४ रणनीति

- नगरपालिकामा फोहोर व्यवस्थापन केन्द्र स्थापना गरी फोहोर संकलन तथा व्यवस्थापनमा Public Private Partnership मोडेलमा कार्य गर्ने।
- स्रोतमा नै फोहोरमैला वर्गीकरण तथा प्रभावकारी संकलनका लागि महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका, विद्यालय, स्थानीय संस्था तथा नागरिक समाजको अगुवाइ र संलग्नतालाई निरन्तरता दिने।साथै फोहरमैला सम्बन्धि~~सम्बन्धी~~ अभिमुखिकरण कार्यक्रम संचालन गर्ने।

### ४.४.५ कार्ययोजना

| क्र.स. | कार्यक्रम | समयावधि | अपेक्षित अवस्था तथा सूचक | जिम्मेवार निकाय | सहजिकरण सहयोग | पुष्ट्यौंइका आधार |
|---|---|---|---|---|---|---|
| १ | घर तथा व्यावसायिक संघसंस्थाबाट निस्कने फोहोरलाई स्रोतबाट नै कुहिने र नकुहिने गरी छुट्याउन तथा मल बनाउन वा अन्य तवरले पुनः प्रयोग गर्न प्रेरित गर्ने । | २ बर्ष | • ८० प्रतिशत घरधुरीहरूले स्रोतमै कुहिने र नकुहिने फोहोरको वर्गीकरण गरेको<br>• फोहोर उठाउने कार्यमा नगरभित्रका ८० प्रतिशत घरधुरी सदस्य बनेको<br>• एक हजार घरधुरीले मल बनाई कौशीखेती गरेको<br>• फोहोर प्रशोधन केन्द्र स्थापना भएको | gu/kflnsf | व्यवसायी, नागरिक समाज, सरोकारवाला संस्थाहरू ~~USAID स्वच्छ हावा परियोजना~~दातृ निकाय | • अनुगमन प्रतिवेदन<br>• कार्यक्रम प्रतिवेदन<br>• बैठक निर्णयहरू<br>• फोहोर प्रशोधन केन्द्र डीपीआर |
| २ | समुदायमा आधारित फोहोरमैला व्यवस्थापन तालिम संचालन गर्ने | २ बर्ष | फोहोरमैला व्यवस्थापन तालिम संचालन भएको | gu/kflnsf | निजी क्षेत्र, नागरिक समाज, ~~USAID स्वच्छ हावा परियोजना~~दातृ निकाय | तालिमको प्रतिवेदन |
| ३ | प्रभावकारी एकीकृत फोहोरमैला व्यवस्थापनका लागि निजी क्षेत्रलाई समेत प्रेरित गर्ने । | २ बर्ष | • फोहोरमैला व्यवस्थापनका लागि निजी क्षेत्रको संलग्नता सम्बन्धी कार्यविधि तयार भएको<br>• निजी क्षेत्रका व्यावसायिक योजना तयार भएको | gu/kflnsf | निजी क्षेत्र, नागरिक समाज, ~~USAID स्वच्छ हावा परियोजना~~दातृ निकाय | फोहोरमैला व्यवस्थापनका लागि निजी क्षेत्रको संलग्नता सम्बन्धी कार्यविधि प्रति |
| ४ | पुनः प्रयोगमा आउने वस्तुलाई मोहोरमा परिणत गर्ने | २ बर्ष | • पुनः प्रयोगमा आउने कागज तथा प्लाष्टिकको विक्री भएको। | gu/kflnsf | निजी क्षेत्र, नागरिक समाज, USAID स्वच्छ हावा परियोजना | विक्रीको विवरण |
| ५ | फोहोर व्यवस्थापन कार्यका लागि दक्ष जनशक्ति उत्पादन, परिचालन र सो | २ बर्ष | • ६० जनालाई फोहोर व्यवस्थापन कार्यका लागि प्रशिक्षक प्रशिक्षण | gu/kflnsf | निजी क्षेत्र, नागरिक समाज, ~~USAID~~ | प्रशिक्षक प्रशिक्षण तालिम प्रतिवेदन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | कार्यमार्फत रोजगारी सिर्जना गर्ने। | | तालिम सञ्चालन भएको<br>• वार्षिक रूपमा ३० प्रतिशत घरधुरी प्रशिक्षित भएको | | ~~स्वच्छ हावा परियोजना~~दातृ निकाय | |
| ६ | फोहोर व्यवस्थापनलाई प्रभावकारी बनाउन नगरपालिका आफैले प्रणाली विकास गर्ने वा आवश्यकता अनुसार निजी क्षेत्रलाई संलग्न गराउने। | २ बर्ष | • फोहरमैला व्यवस्थापनमा PPP मोडलमा निजी क्षेत्र संलग्न भएको। | gu/kflnsf | निजी क्षेत्र, नागरिक समाज, ~~USAID स्वच्छ हावा परियोजना~~दातृ निकाय | नमुना फोहोर प्रशोधन केन्द्र सम्पन्न प्रतिवेदन |
| ७ | खुलारूपमा घर तथा कृषिजन्य फोहोर बाल्नाले हुने असरबारे जनचेतना जगाउने | २ बर्ष | प्रत्येक वडामा जनचेतनामूलक सडक नाटक, भित्तेलेखन तथा सामाजिक सञ्जाल मार्फत सूचना प्रवाह भएको | gu/kflnsf | निजी क्षेत्र, नागरिक समाज, अन्य समुह, ~~USAID स्वच्छ हावा परियोजना~~दातृ निकाय | प्रतिवेदन |
| ८ | प्लास्टिकजन्य फोहोर व्यवस्थापन गर्न यसको प्रयोगमा कमी तथा पुनः प्रयोगमा ल्याउने नीति तर्जुमा तथा आवश्यक व्यवस्था गर्ने | २ बर्ष | ४० माइक्रोनभन्दा कमको प्लास्टिक प्रयोगमा निषेध भएको, कपडाको झोला वितरण भएको | gu/kflnsf | निजी क्षेत्र, नागरिक समाज, अन्य समुह, ~~USAID स्वच्छ हावा परियोजना~~दातृ निकाय | • सार्वजनिक सूचना, वेभसाइट अध्यावधिक<br>• निर्णय माइन्युट, कपडाको झोला वितरणको प्रतिवेदन |
| ९ | फोहोर नजलाउने अभियान संचालन गर्ने (९वटै वडामा) | २ बर्ष | खुलारूपमा फोहोर बाल्नेमा ८० प्रतिशतले कमी आएको | sf= g= kf | निजी क्षेत्र, नागरिक समाज, अन्य समुह, ~~USAID स्वच्छ हावा परियोजना~~दातृ निकाय | प्रतिवेदन |
| १० | फोहोर जलाउने र गैरकानुनी रूपमा फोहोर फाल्ने प्रवृत्ति निरुत्साहित गर्न रिपोर्टिङ, अनुगमन संयन्त्र निर्माण गर्ने। | २ बर्ष | • अनुगमन संयन्त्र निर्माण भएको<br>• रिपोर्टिङको लागि एप्स बनेको हुने | sf= g= kf | निजी क्षेत्र, नागरिक समाज, अन्य समुह, ~~USAID स्वच्छ~~ | • अनुगमन संयन्त्रको बैठक माइन्युट<br>• नगरपालिकाको |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | हावा परियोजनादातृ निकाय | वेभसाइट अध्यावधिक |
| ११ | दिसाजन्य लेदो व्यवस्थापन कार्यलाई व्यवस्थित गर्ने प्रणाली स्थापना गर्ने । | २ बर्ष | • सर्वेक्षण प्रतिवेदन तयार<br>• दिसाजन्य लेदो व्यवस्थापन कार्यविधि तयार | sf= g= kf | नागरिक समाज, सेवा प्रदायक संस्था, दातृ निकायUSAID स्वच्छ हावा | • प्रतिवेदन प्रति<br>• कार्यविधि प्रति |
| १२ | प्लाष्टिक झोला विस्थापन गरी कपडाको झोला प्रयोग प्रर्वधन गर्न नगरपालिका भित्रका महिला समूहलाई कपडाको झोला तयार गर्न नगरपालिकाले अनुदान दिइ सो कपडाको झोला सहुलियत दरमा नगर क्षेत्रमा मार्टहरुमा उपलब्ध गराउने। | 3 बर्ष | • कपडाको झोला तयार भै प्रयोगमा आएको | sf= g= kf | वडा कार्यालय तथा महिला समूह | • अनुगमन प्रतिवेदन |

## ४.५ उद्देश्य ५) विद्यालय तहबाट वातावरण शिक्षा विस्तार गरी शैक्षिक क्षेत्रमा सुधार ल्याई सामाजिक व्यवहारमा परिवर्तन ल्याउने।

### ४.५.१ वर्तमान अवस्था

यस नगरपालिकामा 15 सामुदायिक विद्यालय, ८८ संस्थागत विद्यालय, 1 बौद्ध पाठशाला, 1 महिला गृहिणी बैकल्पिक तथा 1 सिकाई केन्द्र रहेका छन्। विभिन्न पाठ्यक्रममा वातावरण शिक्षा समावेश भए पनि वातावरण सम्बन्धी प्रयोगात्मक शिक्षाले प्राथमिकता पाएको देखिँदैन।नौ वटा विद्यालयहरूमा इकोक्लब मार्फत वातावरण सम्बन्धी क्रियाकलापहरू भएको देखिन्छ।विद्यालयमा वातावरण सम्बन्धी केही क्रियाकलाप भए पनि विद्यालयलाई वातावरणमैत्री बनाउने अवधारणा, हरित विद्यालय सम्बन्धी अवधारणा तथा विद्यालय सुधार योजनामा वातावरणीय पक्षको मूल प्रभावीकरण आदिमा विद्यालय व्यवस्थापन समिति लगायत अभिभावकहरूलाई सचेतना तथा क्षमता अभिवृद्धि आवश्यक देखिन्छ।

### ४.५.२ समस्या तथा चुनैतीहरु

विद्यालय क्षेत्रभित्र हुने फोहोरको व्यवस्थापन प्रभावकारी रूपमा हुन सकेको छैन।कुहिने र नकुहिने फोहोर छुट्याउने र विसर्जन गर्न समस्या रहेको छ बाटो नजिक भएका विद्यालयमा धुलो, धुवाँ र ध्वनि प्रदूषण हुने गरेको छ।अधिकांश विद्यालयहरूले हरियाली क्षेत्र निर्माण गर्न सकेको छैन। विद्यालयका बालबालिकामा बोटबिरुवा संरक्षण तथा वृक्षारोपणको महत्वप्रति सचेतनाको कमीका कारण र घेराबार नहुनाले पनि रोपिएका बिरुवाहरूको उचित संरक्षण हुन नसकेको देखिन्छ।

### ४.५.३ सम्भावना तथा अवसरहरु

वातावरण तथा वायुप्रदूषण सम्बन्धी सैद्धान्तिक ज्ञानलाई व्यवहारमा ल्याउन सकिने र विद्यालयस्तरमा नै प्रभावकारी फोहोर वर्गीकरण र व्यवस्थापनमा गर्न सकिने देखिन्छ।हरित विद्यालय तथा समुदायको निर्माण गरी नमुना विद्यालयको रूपमा स्थापित गर्ने सम्भावना रहेको छ।विद्यालयस्तरमा सुरक्षित महिनावारी स्वच्छताका लागि पुनः प्रयोग गर्न मिल्ने कपडाको सेनिटरी प्याडको प्रयोग तथा प्रवर्द्धन गरी निःशुल्क रूपमा वितरण गर्न व्यवस्था गराउन सकिनेछ।

### ४.५.४ रणनीति

- हरित विद्यालय अवधारणालाई सबै विद्यालयमा विस्तार गर्ने।
- विद्यालय सुधार योजनामा वातावरण सुधारका योजना समावेश गराउने।
- विद्यालयको वार्षिक कार्यतालिकामा नियमितरूपमा वातावरण सम्बन्धी अतिरिक्त क्रियाकलाप समावेश गराउने।
- विद्यालय मार्फत वायुप्रदूषण तथा जलवायु परिर्वतन सम्बन्धी शिक्षा प्रवर्द्धन गर्न स्थानीय पाठ्यक्रममा समावेश गर्ने।

### ४.५.५ कार्ययोजना

| क्र.स. | कार्यक्रम | समयावधि | अपेक्षित अवस्था तथा सूचक | जिम्मेवार निकाय | सहजिकरण सहयोग | पुष्ट्याँइका आधार |
|---|---|---|---|---|---|---|
| 1 | विद्यालयस्तरमा वायु प्रदूषणको बारेमा इको क्लब, शिक्षक, अभिभावकबीच अभिमुखीकरण कार्यक्रम संचालन गर्ने। | 3 बर्ष | बाल क्लब, शिक्षक, अभिभावकहरूलाई तालिम संचालन | gu/kflnsf | विद्यालय, ~~USAID स्वच्छ हावा परियोजना~~दातृ निकाय | तालिम प्रतिवेदन |
| 2 | नगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालय, संस्थागत विद्यालय तथा कलेजहरूमा इको क्लब गठन, क्षमता वृद्धि तथा परिचालन कार्यक्रम। | 3 बर्ष | • सामुदायिक विद्यालय, संस्थागत विद्यालय तथा कलेजहरूमा इको क्लब गठन भएको<br>• इको क्लबका पदाधिकारी तथा फोकल शिक्षकलाई तालिम भएको<br>• इको क्लबका पदाधिकारीहरूले कार्ययोजना बनाइ कार्यक्रम संचालन भएको | gu/kflnsf | विद्यालय तथा कलेजहरू, सरोकारवाला संस्थाहरू, ~~USAID स्वच्छ हावा परियोजना~~दातृ निकाय | • इको क्लब गठन माईन्युट<br>• तालिम प्रतिवेदन<br>• कार्ययोजनाको प्रति |
| 3 | इको क्लब मार्फत विद्यार्थीहरूलाई प्रशिक्षण गर्ने तथा विभिन्न गतिविधिमा संलग्न गराउने। | 3 बर्ष | सामुदायिक तथा संस्थागत विद्यालयहरुमा इको क्लब मार्फत विद्यार्थीहरुलाई प्रशिक्षण प्रदान गरीएको। | gu/kflnsf | विद्यालय तथा कलेजहरू, सरोकारवाला संस्थाहरू, ~~USAID स्वच्छ हावा परियोजना~~दातृ निकाय | प्रतिवेदन प्रति |
| 4 | नगरपालिका अन्तर्गतको विद्यालयहरूको विद्यालय सुधार योजनामा वायुप्रदूषण न्यूनीकरणका गतिविधि राख्न समन्वय बैठक राख ने | 3 बर्ष | ३० विद्यालयहरूमा नमुनाको रूपमा विद्यालय सुधार योजना तयार भएको | gu/kflnsf | विद्यालय तथा कलेजहरू, सरोकारवाला संस्थाहरू, ~~USAID स्वच्छ हावा परियोजना~~दातृ | विद्यालय सुधार योजना प्रति |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | निकाय | |
| 5 | हरित तथा स्वच्छ विद्यालय बनाउन शिक्षक तथा विद्यालय व्यवस्थापन समितिका सदस्यहरूलाई आवश्यक क्षमता अभिवृद्धि कार्यक्रम। | 3 बर्ष | १६ सामुदायिक विद्यालयहरूका शिक्षक तथा विद्यालय व्यवस्थापन समितिका सदस्यहरूलाई तालिम संचालन भएको | gu/kflnsf | विद्यालय तथा कलेजहरू, सरोकारवाला संस्थाहरू, ~~USAID स्वच्छ हावा परियोजना~~दातृ निकाय | तालिम प्रतिवेदन |
| 6 | विद्यालय मार्फत वायुप्रदूषण तथा जलवायु परिवर्तन शिक्षामा प्रोत्साहन गर्न स्थानीय पाठ्यक्रममा समावेश गर्ने। | 3 बर्ष | वायु प्रदूषण सम्बन्धी पाठ्यपुस्तक निर्माण गरेको | gu/kflnsf | विद्यालय तथा कलेजहरू, सरोकारवाला संस्थाहरू, ~~USAID स्वच्छ हावा परियोजना~~दातृ निकाय | पाठ्यपुस्तक प्रति |
| 7 | विद्यालय मार्फत वायुप्रदूषण तथा जलवायु परिवर्तन शिक्षामा प्रोत्साहन गर्न स्थानीय पाठ्यक्रममा समावेश गर्ने। | 3 बर्ष | ५० % विद्यालयमा प्रशिक्षण प्रदान भएको | gu/kflnsf | विद्यालय तथा कलेजहरू, सरोकारवाला संस्थाहरू, ~~USAID स्वच्छ हावा परियोजना~~दातृ निकाय | तालिम प्रतिवेदन |
| 8 | विद्यालयस्तरमा विशेष अनुगमन गर्न इको क्लब प्रतिनिधि सहितको अनुगमन संयन्त्र निर्माण। | 3 बर्ष | अनुगमन संयन्त्र निर्माण भई वार्षिक चारवटा विद्यालयको अनुगमन भएका | gu/kflnsf | विद्यालय तथा कलेजहरू, सरोकारवाला संस्थाहरू, ~~USAID स्वच्छ हावा परियोजना~~दातृ निकाय | • अनुगमन संयन्त्र निर्माण बैठक माईन्युट<br>• अनुगमनको प्रतिवेदन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 9 | विद्यालय परिसरमा हरियाली वातावरण निर्माण गर्न वृक्षारोपण गर्ने | 3 बर्ष | कम्तीमा ५०% विद्यालयहरुमा इको क्लबमार्फत हरियाली प्रवर्द्धन भएको | gu/kflnsf | विद्यालय तथा कलेजहरू, सरोकारवाला संस्थाहरू, USAID स्वच्छ हावा परियोजनादातृ निकाय | निर्णय तथा प्रतिवेदन |
| 10 | विद्यालयमा फोहोरमैला व्यवस्थापन गर्नका लागि फोहोर संकलन गर्न फोहोर वर्गीकरणको व्यवस्था मिलाउने, फोहोरको पुनः प्रयोग सम्बन्धी तालिमको आयोजना गर्ने | 3 बर्ष | सामुदायिक तथा संस्थागत विद्यालयमा फोहोर वर्गीकरण तालिम संचालन भएको | gu/kflnsf | विद्यालय तथा कलेजहरू, सरोकारवाला संस्थाहरू, USAID स्वच्छ हावा परियोजनादातृ निकाय | तालिम प्रतिवेदन |
| 11 | स्यानिटरी प्याडको व्यवस्थापन तथा विकल्पको रूपमा कपडाको प्याड सम्बन्धी अभिमुखीकरण कार्यक्रम संचालन गर्ने | 3 बर्ष | स्यानिटरी प्याडको प्रयोग तथा कपडाको प्याडको व्यवस्थापनमा सुधार भएको | gu/kflnsf | विद्यालय तथा कलेजहरू, सरोकारवाला संस्थाहरू, USAID स्वच्छ हावा परियोजनादातृ निकाय | अनुगमन प्रतिवेदन |
| 12 | विद्यालय कम्पाउन्ड वरिपरि फलफूलका बिरुवा रोप्न अनुदान दिने (विरुवाहरुको कौंसी खेती लगायत) | 3 बर्ष | विद्यालयहरूमा कम्तीमा ५० वटा फलफूलका बिरुवा रोपिएको हुने | gu/kflnsf | विद्यालय तथा कलेजहरू, सरोकारवाला संस्थाहरू, USAID स्वच्छ हावा परियोजनादातृ निकाय | • अनुगमन प्रतिवेदन<br>• विरुवाको लागि अनुदान लिएको प्रतिवेदन |
| 13 | लैङ्गिक, बालमैत्री र अपाङ्गमैत्री | 3 बर्ष | | gu/kflnsf | विद्यालय तथा | अनुगमन प्रतिवेदन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | शौचालयको निर्माण गरी उचित व्यवस्थापन गर्ने | | | | कलेजहरु | |

## ४.६ उद्देश्य ६) वायु प्रदूषणका अवस्था, कारण र असर न्यूनीकरण एवं रोकथामका उपायबारे स्वास्थ्य संस्था तथा सञ्चारकर्मी मार्फत बृहत्तर जनचेतना अभिवृद्धि गरी बानी व्यवहारमा परिवर्तन ल्याई स्वास्थ्य क्षेत्रमा सुधार ल्याउने।

### ४.६.१ वर्तमान अवस्था

नेपाल सरकारले तोकेको स्वास्थ्यसंस्थाजन्य फोहोर व्यवस्थापन सम्बन्धी मापदण्ड अनुसार हरेक स्वास्थ्य संस्थामा चारवटा बकेटमा अनिवार्य फोहोर छुट्टाएर राख्ने गरेको छ। निजी तथा सरकारी दुवै संस्थाबाट उत्पादन हुने फोहोरमैलालाई आफ्नै परिसरमा व्यवस्थापन गर्नुपर्ने व्यवस्था रहेको छ। घरघरबाट निस्कने फोहोरसँग उपत्यकाको ल्यान्डफिल्ड साइटमा पठाउन नपाउने व्यवस्था छ। झुक्याएर पठाएमा १/२ पटक जरिवाना समेत गरेको छ। नगरपालिकाको स्वास्थ्य संस्थाबाट निस्कने स्वास्थ्यजन्य फोहोर व्यवस्थापन नगरपालिकाभित्र बनेको छैन। स्थानीय स्वास्थ्य संस्था दर्ता तथा अनुगमन निर्देशिका अनुसार निजी तथा गैरसरकारी क्षेत्रका स्वास्थ्य संस्थाहरूको अनुमति तथा नवीकरण गर्दा फोहोर व्यवस्थापनलाई व्यवस्थित गर्नुपर्ने प्रमुख शर्त राखेर मात्र नवीकरण वा अनुमति प्रदान गर्नुपर्नेछ। नगरपालिकामा जटिल रोग (नसर्ने रोग)का बिरामी बढ्दै गएको अवस्था छ। नगरपालिकामा स्वास्थ्यकर्मीलाई अभिमुखीकरण, महिला स्वास्थ्य स्वयंसेविका अभिमुखीकरण, महिलाहरूको पाठेघर तथा स्तन क्यान्सरको स्क्रिनिङ गर्ने कार्य गर्दा करिब 9 प्रतिशतमा जटिल रोगको संकेत देखिन आएको छ।

### ४.६.२ समस्या तथा चुनौतीहरू

सबै स्वास्थ्यकर्मीहरूलाई स्वास्थ्य संस्थाजन्य फोहोरको वर्गीकरण र व्यवस्थापन सम्बन्धी तालिम सञ्चालन गर्ने, खोप तथा अन्य स्वास्थ्य सम्बन्धी अभियानमा स्वास्थ्य संस्थाजन्य फोहोर व्यवस्थापन गर्ने सामग्री (अटोक्लेभ, सिरिन्ज काट्ने, सफा गर्ने मेसिन हरेकको छुट्टाछुट्टै सफा गर्ने र भण्डारण घर तथा निकासी) थप जनशक्ति व्यवस्थापन गर्नुपर्नेछ।नागरिकलाई स्वास्थ्य संस्थाजन्य फोहोरमैला तथा वायु गुणस्तर सम्बन्धमा जनचेतना गर्ने र रोग लाग्न नदिने तथा रोग लाग्नुपूर्व चेकजाँच गर्ने स्वास्थ्य बीमामा सहभागी बनाउने चुनौती छ।खोप अभियानको समयमा स्वास्थ्यजन्य फोहोरको व्यवस्थापनका लागि जनशक्ति, साधनस्रोत व्यवस्थापन गर्ने।

### ४.६.३ सम्भावना तथा अवसरहरू

२१६ जना स्वास्थ्यकर्मी, 11 वटा स्वास्थ्य संस्था (5 स्वास्थ्यचौकी, १ नगर अस्पताल, 1 आयुर्वेद औषधालय, 4 सहरी स्वास्थ्य केन्द्र) तथा क्लिनिक, ल्याब, फिजियोथेरापी लगायत क्लिनिक/पोलिक्लिनिकले सेवा दिइरहेका छन्। सबै स्वास्थ्य संस्थाहरूलाई फोहोरमैला व्यवस्थापनमा प्रतिस्पर्धा गराउन सकिन्छ। नगर अस्पतालमा फोहर मैला व्यवस्थापनलाई नमुनाको रूपमा विस्तार गर्दै लैजान सकिने छ।

### ४.६.४ रणनीति

- कागेश्‍वरी मनोहरा नगरपालिकाभित्रका सरकारी, गैरसरकारी तथा निजी कार्यालय, स्वास्थ्य संस्था, शैक्षिक संस्था, निजी आवास, होटल, रेष्टुरेन्ट, कलकारखाना, उद्योगहरुबाट उत्पादन हुने फोहोरमैलाको अध्ययन तथा तथ्याङ्क संकलन गर्ने
- सम्पूर्ण  स्वास्थ्यकर्मी, कर्मचारी र जनसमुदायलाई फोहोरमैलाको उचित व्यवस्थापन बारे जानकारी गराउने
- फोहोरको वर्गीकरण गरी कुहिने फोहोरलाई कम्पोस्ट मल बनाउनका लागि सामग्रीहरू प्रयोगमा ल्याई नकुहिने र पुनः प्रयोग गर्न मिल्ने फोहोरलाई व्यवस्थापन गर्न फोहोरमैला व्यवस्थापन केन्द्र स्थापना गर्ने
- नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाको औषधिजन्य फोहोर व्यवस्थापनको लागि नगर अस्पतालमा नमुनाको रूपमा फोहोर व्यवस्थापन अनुसन्धान केन्द्र निर्माण गर्ने

### ४.६.५ कार्ययोजना

| क्र.स. | कार्यक्रम | समयावधि | अपेक्षित अवस्था तथा सूचक | जिम्मेवार निकाय | सहजिकरण सहयोग | पुष्ट्याँइका आधार |
|---|---|---|---|---|---|---|
| १ | डाक्टर, स्वास्थ्यकर्मी, विद्यालय नर्स, सामुदायिक नर्स, स्टाफ नर्स, हेरालु तथा महिला स्वास्थ्य स्वयंसेविकाहरूका लागि वायु प्रदूषण कार्यक्रमको तालिम | ३ बर्ष | एक सय जना स्वास्थ्यकर्मीले तालिम/प्रशिक्षण प्राप्त गरेको हुने | | ~~USAID स्वच्छ हावा परियोजना~~दातृ निकाय | प्रशिक्षण प्रतिवेदन |
| २ | अस्पतालजन्य फोहोरको व्यवस्थापन तालिम | | अस्पतालका कर्मचारीहरुले तालिम प्राप्त गरेको हुने | | ~~USAID स्वच्छ हावा परियोजना~~दातृ निकाय | |
| ३ | नमुनाको रूपमा नगर अस्पतालमा अस्पतालजन्य फोहोर व्यवस्थापन गर्ने मेसिन जडान गर्ने (अटोक्लेभ, सेग्रिगेसन, मल आदि | | प्रस्तावित अस्पतालमा मेसिन जडान भई औषधिजन्य फोहोरको मापदण्ड अनुरूप फोहोर व्यवस्थापन भएको हुने । | | ~~USAID स्वच्छ हावा परियोजना~~दातृ निकाय | |
| ४ | वायु प्रदूषणबाट उच्च प्रभावित क्षेत्रका अतिजोखिममा परेका महिला, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक तथा बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक समूह, गर्भवती सुत्केरीहरूको पहिचान गरी उनीहरूका लागि विशेष स्वास्थ्य कार्यक्रम संचालन गर्ने। | | वायु प्रदूषणबाट उच्च प्रभावित क्षेत्रमा लक्षित वर्गका लागि मासिक एउटा विशेष स्वास्थ्य कार्यक्रम सञ्चालन भएको हुने । | | ~~USAID स्वच्छ हावा परियोजना~~दातृ निकाय | • माइन्यूटको प्रति<br>• सहभागी संख्या<br>• कार्यक्रमको फोटो |
| ५ | वायु प्रदूषणबाट स्वास्थ्यमा पर्ने असरका बारेमा स्वास्थ्य व्यवसायी तथा संस्थाहरू मार्फत सर्वसाधारणमा चेतना अभिवृद्धि गर्ने। | | स्वास्थ्य संस्थाहरूमा वायुप्रदूषण र तिनका असरबारे पोस्टरमार्फत सूचना प्रदान भएको हुने । | | ~~USAID स्वच्छ हावा परियोजना~~दातृ निकाय | |
| ६ | वायुप्रदूषण र वायुप्रदूषणबाट स्वास्थ्यमा पर्ने असरका बारेमा IEC (शैक्षिक | | शैक्षिक सामग्री तयार भई विद्यालय, स्वास्थ्य संस्था तथा सञ्चार | | ~~USAID स्वच्छ हावा~~ | • तयार भएका शैक्षिक सामग्रीहरूको संख्या |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सामग्री) (पोस्टर, पम्प्लेट, भिडियो, अडियो) उत्पादन, प्रसारण र वितरण गर्ने | | माध्यमहरूबाट प्रचारप्रसार भएको हुनेछ । | | परियोजनादातृ निकाय | वितरण तथा प्रसारण योजना<br>• निर्णय माइन्यूट प्रति |
| ७ | वायु प्रदूषण तथा जलवायु परिवर्तनका कारण स्वास्थ्यमा पर्ने असर र अवस्थाका बारेमा अध्ययन तथा विश्लेषण गरी सूचना अध्यावधिक तथा सम्प्रेषण गर्ने। | | कम्तीमा एक विषयमा अध्ययन भई सूचना अध्यावधिक भएको | | USAID स्वच्छ हावा परियोजनादातृ निकाय | अध्ययन प्रतिवेदन |
| ८ | महिला स्वास्थ्य स्वयंसेविका मार्फत वायु प्रदूषणबाट स्वास्थ्यमा पर्न सक्ने असरका बारेमा समुदाय तहसम्म चेतना अभिबृद्धि गरी सामाजिक बानी–व्यवहारमा परिवर्तन ल्याउने । | | सार्वजनिक स्थानमा खुलारूपमा फोहोर जलाउने कार्यमा कमी आएको | | USAID स्वच्छ हावा परियोजनादातृ निकाय | नागरिक संजाल, महिला स्वयमसेविका अनुगमन प्रतिवेदन |
| ९ | स्वास्थ्य व्यवस्थापन समितिलाई अभिमुखीकरण गराउने | | स्वास्थ्य व्यवस्थापन समितिलाई वायु गुणस्तर र यसको असरहरूबारे अभिमुखीकरण गरिएको | | USAID स्वच्छ हावा परियोजनादातृ निकाय | |

## ४.७ उद्देश्य ७) वन उपभोक्ता समितिको क्षमता अभिबृद्धि गरी वन डढेलो नियन्त्रण तथा हरियाली प्रवर्द्धन गर्ने।

### ४.७.१ वर्तमान अवस्था

कागेश्वरी मनोहरा नगरपालिकामा 1३ वटा वन उपभोक्ता समूह सक्रिय छन्। नगरपालिका क्षेत्रमा 10 प्रतिशत भूभाग वनले ओगटेको छ। यस नगरपालिकाको उत्तर तर्फ शिवपुरी राष्ट्रिय निकुञ्ज क्षेत्र रहेकोछ। वन संरक्षण भए पनि उचित व्यवस्थापन नभएकाले वनमा झाडी, पतकर तथा खेर जाने सामग्री थुप्रदै गएको छ। यसले वन डढेलोको प्रकोप निम्त्याउने गरेको छ  वन डढेलो नियन्त्रणका लागि आवश्यक ज्ञान र सिप एवं औजारहरूको अभाव छ। साथै, वन डढेलो नियन्त्रणका लागि आवश्यक संस्थागत विकास पनि भएको छैन। वन उपभोक्ता समूहको एकल प्रयासबाट मात्र यो सम्भव देखिँदैन।

### ४.७.२ समस्या तथा चुनौतीहरू

कागेश्वरी मनोहरा नगरपालिकाको उत्तर तर्फ शिवपुरी राष्ट्रिय निकुञ्ज रहेको छ। सो निकुञ्जमा हिउँदको समयमा बेला बेलामा आगलागी हुने गरेको छ। सो आगलागीबाट नगरपालिका क्षेत्रमा वायु प्रदूषण बढेको पाईन्छ।सो आगलागीको नियन्त्रण निकुञ्ज आफैले गर्ने गरेको छ।यस नगरपालिका क्षेत्रमा भएका १३ वटा सामुदायिक वनमा हालसम्म आगलागी नभएतापनि जोखिममा रहेका छन्।

### ४.७.३ सम्भावना तथा अवसरहरू

यस नगरपालिकाका वन उपभोक्ता समिति सक्रिय भएको कारण यस समूह, नगर प्रहरी तथा अन्य सरोकारवाला पक्षलाई यससम्बन्धी ज्ञान र सिपसहित क्षमता अभिवृद्धि गरेमा वन डढेलो नियन्त्रण गरी वायुप्रदूषण व्यवस्थापनमा समेत टेवा पु¬ याउन सकिने देखिन्छ। यस कार्यका लागि सम्बन्धित सरोकारवाला पक्षसँगको सहकार्य आवश्यक देखिन्छ।

### ४.७.४ रणनीति

- वन डढेलोबारे व्यापक जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।
- वनमा रहेको पात पतिङ्गर झाडी सरसफाइ गर्ने, अग्निरेखा निर्माण र व्यवस्थापन गर्ने ।
- वन डढेलो नियन्त्रणका लागि व्यावहारिक तालिम दिई जनशक्ति तयार पार्ने ।
- वनमा खेर गएका वस्तुहरू मार्फत आयआर्जन वृद्धि गर्ने ।
- फलफूल तथा जडिबुटीजन्य बिरुवाहरू रोपण कार्यलाई अभियानको रूपमा सञ्चालन गर्ने ।
- नगरपालिका क्षेत्रभित्र रहेका क्रियाशील वन उपभोक्ता समितिहरूसँगको सहकार्यमा वन क्षेत्र प्रवर्द्धनका कार्य गर्ने ।

४.७.५ कार्ययोजना

| क्र.स. | कार्यक्रम | समयावधि | अपेक्षित अवस्था तथा सूचक | जिम्मेवार निकाय | सहजिकरण सहयोग | पुष्ठ्याँइका आधार |
|---|---|---|---|---|---|---|
| 1 | वन उपभोक्ता समितिलाई वन संरक्षण र आगलागी नियन्त्रणका लागि क्षमता अभिबृद्धि गर्ने | 3 बर्ष | वन उपभोक्ता समितिले तालिम पाएको | | वन डिभिजन कार्यालय तथा अन्य सरोकार पक्ष | तालिम प्रतिवेदन |
| 2 | वन डढेलो र वायुप्रदूषणको सम्बन्ध, असर र समाधानका उपायहरूका बारे जनचेतना अभिवृद्धि गर्ने | 3 बर्ष | वन उपभोक्ता समिति तथा समुदायले वन डढेलो र वायु प्रदूषणका सम्बन्धमा सचेत भई वन डढेलो नियन्त्रण भएको | | वन डिभिजन कार्यालय तथा अन्य सरोकार पक्ष | • तालिम प्रतिवेदन<br>• तालिम प्रतिवेदन<br>• डढेलो घटनाको अभिलेख<br>• बैठक तथा छलफलको अभिलेख<br>• प्रचारप्रसार सामग्री प्रयोगको अभिलेख |
| 3 | वन उपभोक्ता समूहको बैठक, साधारणसभा आयोजना गर्ने। कार्ययोजना अद्यावधिक गर्ने | 3 बर्ष | • वन उपभोक्ता समूहको बैठक बसेको,<br>• साधारणसभा आयोजना गरेको | | वन डिभिजन कार्यालय तथा अन्य सरोकार पक्ष | कार्ययोजना प्रति |
| 4 | सामुदायिक वन क्षेत्रमा रहेका अग्निरेखा निर्माण तथा सरसफाइ गर्ने। | 3 बर्ष | | | वन डिभिजन कार्यालय तथा अन्य सरोकार पक्ष | नगरमा अभिलेख |
| 5 | सिन्के धुपको विकल्पहरू प्रयोग गर्ने (कपुर, तितेपाती, तथा अन्य फूलहरूको धुप बनाउने) | 3 बर्ष | तालिम संचालन हुने। | | वन डिभिजन कार्यालय तथा अन्य सरोकार पक्ष | तालिम प्रतिवेदन |
| 6 | "हरियो वन नेपालको धन" भन्ने भनाइलाई सम्मान गर्दै कागेश्वरी मनोहरा नगरपालिकाका प्रत्येक वडामा ग्रिनपार्क र दिगो व्यवस्थापन निर्माण गर्ने। | 3 बर्ष | कम्तीमा एक वडा एक पार्क हुने | | वन डिभिजन कार्यालय तथा अन्य सरोकार पक्ष | पार्कहरूको अभिलेख तयार हुन |
| 7 | वन डढेलो नियन्त्रण गर्न वनजंगलका पात पतिङ्गरहरूको वातावरणमैत्री | 3 बर्ष | तालिम संचालन हुने | | वन डिभिजन कार्यालय तथा अन्य | सामग्रीहरूको उत्पादन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | व्यवस्थापन गर्ने। | | | | सरोकार पक्ष | |
| 8 | वन क्षेत्रमा रहेको पात पतिङ्गर, झाडी लगायत वस्तुमार्फत बायोचार निर्माण गरी बिक्री गर्ने। | 3 बर्ष | बायोचार निर्माण गरी बिक्री भएको | | वन डिभिजन कार्यालय तथा अन्य सरोकार पक्ष | बायोचार निर्माण |
| 9 | वन व्यवस्थापन कार्ययोजनामा वायु प्रदूषण न्यूनीकरण समावेश गराउने, जडीबुटीजन्य बिरुवा प्रवर्द्धन गर्ने, वृक्षारोपण गर्ने। | 3 बर्ष | व्यवस्थित रूपमा अभिलेख तयार हुने | | वन डिभिजन कार्यालय तथा अन्य सरोकार पक्ष | अभिलेख |
| 10 | वनजंगलमा मौसमी फलफूल लगाई आयआर्जनमा वृद्धि गर्ने । | 3 बर्ष | व्यवस्थितरूपमा अभिलेख तयार हुने | | वन डिभिजन कार्यालय तथा अन्य सरोकार पक्ष | अभिलेख |
| 11 | वन उपभोक्ता समितिहरूको कार्ययोजना अध्यावधिक गर्नका लागि प्रविधिक सहयोग गर्ने। | १ बर्ष | वन उपभोक्ता समितिहरूको कार्ययोजना अध्यावधि भएको | | वन डिभिजन कार्यालय तथा अन्य सरोकार पक्ष, ~~USAID स्वच्छ हावा परियोजना~~दातृ निकाय | कार्ययोजना तयार |

## ४.८ उद्देश्य ८) वायु प्रदूषण न्यूनीकरणका लागि नीतिगत, कानुनी तथा तथा संस्थागत संरचनाको सुदृढीकरण गर्दै आर्थिक स्रोतको सुनिश्चितता गर्ने।

### ४.८.१ वर्तमान अवस्था

कागेश्वरी मनोहरा नगरपालिकाले वायुप्रदूषण रोकथामका लागि नगरपालिकाको वातावरण शाखालाई जिम्मेवारी तोकेको छ। कागेश्वरी मनोहरा नगरपालिकाको स्वास्थ्य तथा सरसफाई ऐन 2075, सरसफाई कार्यविधि 2076, वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन २०७७, वातावरण तथा प्राकृतिक स्रोत संरक्षण (संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण) कार्याविधि 2077 आदी ऐन तथा कानूनहरु बनेको छ। यी ऐन तथा कानूनमा रहेर नगरपालिकाबाट वायुप्रदूषण रोकथामका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गरिँदै आएको छ।

### ४.८.२ समस्या तथा चुनौतीहरू

वायु प्रदूषण नगरपालिकाको प्रमुख समस्याको रूपमा रहेको सन्दर्भमा यसको न्यूनीकरणको लागि विद्यमान कानुनी प्रावधानको कार्यान्वयनमा प्रभावकारी गर्नुपर्ने देखिन्छ। हाल विद्यमान नीतिगत व्यवस्थाको पूर्ण पालना तथा समयानुकूल उपयुक्त वातावरणमैत्री कानुन निर्माण आवश्यक देखिन्छ। नगरपालिकामा वायु गुणस्तरको सम्बन्धमा सूचनालाई बोर्ड तथा वायु गुणस्तर मापन यन्त्र राख्ने, फोहोरमैला व्यवस्थापन नियमावली, वायु गुणस्तर मापदण्ड, दिसाजन्य लेदोको व्यवस्थापन र ट्रिटमेन्ट प्लान्ट तथा DPR बनाउने, स्वास्थ्यसंस्थाजन्य फोहोर व्यवस्थापन मापदण्ड तयार गर्ने, खोला सरसफाइको कार्ययोजना तयार गर्ने, फोहरमैला, स्वास्थ्यसंस्थाजन्य फोहोरमैला व्यवस्थापन गर्न सवारीसाधन र जनशक्ति, सवारी प्रदूषण जाँच मेसिन र जनशक्ति तयार गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्ने देखिन्छ।

### ४.८.३ सम्भावना तथा अवसरहरू

वायु प्रदूषण व्यवस्थापन नगरपालिकाको प्राथमिकतामा परेको छ। साथै, वायु प्रदूषण न्यूनीकरण कार्यक्रममा हाल ~~USAID स्वच्छ हावा परियोजना~~ USAID स्वच्छ हावा परियोजना को पनि सहकार्य रहेको छ। यस सन्दर्भमा वायुप्रदूषण न्यूनीकरणका लागि नीतिगत, कानुनी तथा संस्थागत संयन्त्रको सुदृढीकरण गर्दै आर्थिक स्रोतको सुनिश्चितता गर्न सकिने प्रवल सम्भावना रहेको देखिन्छ। साथै, नगरपालिकामा वातावरण शाखा रहेको छ । वायु गुणस्तर सम्बन्धमा कर्मचारी तथा जनप्रतिनिधिमा सचेतना बढ्दै गएको छ। टोल विकास संस्थाहरूलाई तालिम र अभिमुखीकरण गरी दिगो कार्यान्वयन गर्न सकिने छ।

### ४.८.४ रणनीति

- वातावरण तथा वायुप्रदूषणलाई वातावरणीय तथा मानव अधिकारको मुद्दाको रूपमा लिई वातावरण प्रदूषकले क्षतिपूर्ति व्यहोर्ने सिद्धान्तको आधारमा पीडित, सीमान्तकृत, महिला, बालबालिका तथा जेष्ठ नागरिकलाई प्राथमिकतामा राखी नीति तथा कार्यक्रम निर्माण गर्ने।

- नीति तथा कार्यक्रम निर्माण गर्दा सहभागितात्मक पद्धतिको अवलम्बन गरी सम्बन्धित सरोकार पक्षको प्राथमिकता तथा सवाल सम्बोधन सुनिश्चित गर्ने।
- वातावरणमैत्री, बालमैत्री, जेष्ठ नागरिकमैत्री, महिलामैत्री, लैङ्गिक तथा यौनिक एवं अपाङ्गतामैत्री नगरपालिका घोषणा गर्ने।
- नगरपालिकाबाट टोलहरुको अनुगमन गर्ने।

## ४.8.५ कार्ययोजना

| क्र.स. | कार्यक्रम | समयावधि | अपेक्षित अवस्था तथा सूचक | जिम्मेवार निकाय | सहजिकरण सहयोग | पुष्ठ्यौंइका आधार |
|---|---|---|---|---|---|---|
| 1 | वडामा रहेका टोल विकास सबै संघ–संस्थाहरूको गठन र पुनः गठन गराउने (9 वटै वडामा भेला गरी टोल विकासको संयन्त्र निर्माण गर्ने) | | • टोल विकास संस्था गठन तथा सञ्चालन कार्यविधि तयार भई कार्यान्वयनमा आएको<br>• सबै वडाहरूमा टोल विकास संस्था वा समुदायमा आधारित संस्थाहरु क्रियाशील भएको | नगरपालिका | ~~USAID स्वच्छ हावा परियोजना~~दातृ निकाय | • कार्यविधिको प्रति तथा निर्णय पुस्तिका<br>• टोल विकास संस्था वा समुदायमा आधारित संस्थाहरूको वडागत सूची तथा विवरण<br>• संस्थाहरूको निर्णय पुस्तिका |
| 2 | वडास्तरीय वातावरण समितिलाई सक्रिय बनाउन आवश्यक तालिम प्रदान गर्ने। | | वार्षिक कम्तीका दुईवटा प्रशिक्षण सञ्चालन भएको | नगरपालिका | ~~USAID स्वच्छ हावा परियोजना~~दातृ निकाय | प्रशिक्षण प्रतिवेदन |
| 3 | नगरपालिकाका तथा वडाका जनप्रतिनिधि तथा कर्मचारीहरूको लागि क्षमता विकास कार्यक्रम गर्ने। | | वार्षिक कम्तीका दुईवटा प्रशिक्षण सञ्चालन भएको | नगरपालिका | ~~USAID स्वच्छ हावा परियोजना~~दातृ निकाय | प्रशिक्षण प्रतिवेदन |
| 4 | नगरस्तरीय वातावरणमैत्री नागरिक समाजको क्षमता वृद्धि गर्ने | | वार्षिक कम्तीका दुईवटा प्रशिक्षण सञ्चालन भएको | नगरपालिका | ~~USAID स्वच्छ हावा परियोजना~~दातृ निकाय | प्रशिक्षण प्रतिवेदन |
| 5 | स्वास्थ्य संस्थाबाट उत्पन्न हुने औषधिजन्य फोहोर व्यवस्थापनका तथा अनुगमनका लागि स्वास्थ्य सञ्जाल गठन तथा परिचालन गर्ने। | | • अनुगमन चेकलिस्ट तयार भएको<br>• वार्षिक कम्तीमा चार वटा अनुगमन सञ्चालन भई कार्यमा सुधार आएको | नगरपालिका | ~~USAID स्वच्छ हावा परियोजना~~दातृ निकाय | अनुगमन प्रतिवेदन |
| 6 | नगरस्तरीय वातावरण र फोहोरमैला | | • अनुगमन चेकलिस्ट तयार भएको | नगरपालिका | ~~USAID स्वच्छ~~ | अनुगमन प्रतिवेदन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | व्यवस्थापन समिति र विषयगत समितिबाट प्रत्येक तीन महिनामा अनुगमन गर्ने | | • वार्षिक कम्तीमा चार वटा अनुगमन संचालन भएको | | ~~हावा परियोजना~~दातृ निकाय | |
| 7 | प्रत्येक वडाबाट प्रत्येक चौमासिकरूपमा नगरपलिकामा वातावरण क्षेत्रका प्रगति पेस गर्ने व्यवस्था गर्ने | | नियमितरूपमा वडागत प्रगति विवरण पेश भएको | नगरपालिका | ~~USAID स्वच्छ हावा परियोजना~~दातृ निकाय | वडागत प्रतिवेदन |
| 8 | वार्षिकरूपमा वातावरण क्षेत्रको राम्रो मूल्याङ्कन भएको पाँच क्षेत्रका एक/एक जना गरी व्यक्ति तथा संस्थालाई पुरस्कृत गर्ने | | मूल्याङ्कन कार्यविधि तथा सूचक तयार भई वार्षिकरूपमा व्यक्ति तथा संस्था पुरस्कृत भएको | नगरपालिका | ~~USAID स्वच्छ हावा परियोजना~~दातृ निकाय | मूल्याङ्कन कार्यविधि तथा सूचकको प्रति तथा निर्णय पुस्तिका |
| 9 | वार्षिक बजेटको कम्तीमा तीन प्रतिशत बजेट वातावरण संरक्षणमा छुट्याउने व्यवस्था गर्ने। | | वार्षिक बजेटको कम्तीमा तीन प्रतिशत बजेट वातावरण संरक्षणमा विनियोजित भएको | नगरपालिका | ~~USAID स्वच्छ हावा परियोजना~~दातृ निकाय | वार्षिक बजेट पुस्तिका |
| 10 | भवन निर्माण आचारसंहिता पालनाको कडाइको व्यवस्था गर्ने | | भवन निर्माण आचारसंहिता पालना भएको | नगरपालिका | ~~USAID स्वच्छ हावा परियोजना~~दातृ निकाय | आचारसंहिता |
| 11 | वायु प्रदूषण नियन्त्रणका लागि आवश्यक नीति तथा कार्यविधि निर्माण गर्ने | | वायु प्रदूषण नियन्त्रणका लागि आवश्यक नीति तथा कार्यविधि निर्माण भई कार्यान्वयन भएको | नगरपालिका | ~~USAID स्वच्छ हावा परियोजना~~दातृ निकाय | नीति तथा कार्यविधि निर्माण |
| 12 | फोहोरमैला व्यवस्थापन र वातावरण संरक्षण सम्बन्धी आवश्यक नीति तथा कार्यविधि निर्माण तथा कार्यान्वयन गर्ने। | | फोहोरमैला व्यवस्थापन र वातावरण संरक्षण सम्बन्धी आवश्यक नीति तथा कार्यविधि निर्माण तथा कार्यान्वयन भएको | नगरपालिका | ~~USAID स्वच्छ हावा परियोजना~~दातृ निकाय | नीति तथा कार्यविधि निर्माण |
| 13 | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | स्वच्छ हावाको लागि अस्पताल लगायत स्वास्थ्य संस्थाबाट निस्कने फोहोरको डिस्पोजल गर्ने सम्बन्धी कार्यविधि निर्माण गर्ने। | | अस्पताल लगायत स्वास्थ्य संस्थाबाट निस्कने फोहोरको डिस्पोजल गर्ने सम्बन्धी कार्यविधि निर्माण भएको | नगरपालिका | USAID स्वच्छ हावा परियोजनादातृ निकाय | कार्यविधि निर्माण |
| **14** | जनताले गुनासो गर्ने र सो गुनासोलाई सम्बोधन गर्ने प्रणालीको विकास तथा स्थापना गर्ने | | गुनासो इकाइमा गुनासो गर्ने | नगरपालिका | | गुनासो शाखाको वार्षिक प्रतिवेदन |
| **15** | वातावरणीय र वायु प्रदूषणसँग सम्बन्धित विपद् जोखिम क्षेत्र नक्साङ्कन तथा पहिचान गरी सोहीअनुरूप प्राथमिकता अनुरूप कार्यान्वयन गर्न कार्यविधि तयार गर्ने | | जोखिम क्षेत्रको पहिचान हुने | नगरपालिका | USAID स्वच्छ हावा परियोजनादातृ निकाय | प्रतिवेदन |

## ४.9 उद्देश्य 9) नगर क्षेत्रमा रहेका कृषी पकेट क्षेत्रमा किटनाशक विषादीको प्रयोगबाट हुने प्रदूषण न्यूनीकरण गरी प्राङ्गारिक मल र विषादीको प्रयोगलाई प्रवर्द्धन गर्ने।

### ४.९.१ वर्तमान अवस्था

कागेश्‍वरी मनोहरा नगरपालिकाको कुल क्षेत्रफल 2880 हेक्टर मध्य खेतियोग्य जमिनको क्षेत्रफल 521 हेक्टर रहेको छ। सो खेतियोग्य जमिनको क्षेत्रफल मध्य सिंचित क्षेत्रफल 414 हेक्टर रहेको छ। यस नगरपालिकामा खेतिपाती गर्ने घरपरिवार संख्या 4686 रहेको छ। यस नगरपालिकामा आलु, धान, गहुँ, मकै, जौं, गोलभेडा, काउली, बन्दा जस्ता खाद्य तथा नगदेबालीहरु उत्पादन हुन्छन्।

### ४.९.२ समस्या तथा चुनौतीहरु

विषादी बिक्रेता, उपभोगकर्ता एवं नियमनकर्ताहरुको हेलचेक्रयाई तथा अज्ञानताका कारण रासायनिक विषादीको असर हाल मानव स्वास्थ्य र वातावरणमा देखा पर्ने दर बढ्दो छ। जसमा देहाय समस्याहरु विशेषगरी देखा परेका छनः

- मानव स्वास्थ्यमा विषादीको असरः

| तत्काल देखिने असर | दिर्धकालिन असर |
|---|---|
| शरिरका मांसपेशी गल्ने, टाउको, छाती दुख ने तथा रिंगटा लाग्ने। | दम, एलर्जी (छाला चिलाउने) |
| आँखा रातो भई पोल्ने तथा आँखिभौं फरफराउनु। | क्यान्सर |
| वाकवाकी लाग्ने तथा वान्ता आउने। | गर्भपतन, बिकलाङ्ग जन्म, बाँझोपन तथा नपुंशकता |
| नाक पोल्ने, पातालो सिंगान बगीरहने तथा स्वाँस्वाँ बढ्ने। | मानसिक असन्तुलन |
| पक्षघात, ह्रदयघात तथा मृत्यु। | रोग प्रतिरोधात्मक क्षमतामा क्षयिकरण हुनु |

- वातावरणीय असरः
  - पर्यावरणमा रहेका मित्रजिव, जलिय प्राणीहरुमा प्रतिकूल प्रभाव (संख्या घट्दो< प्रजातिगत लोप हुनु।)
  - वायु, माटो तथा जल प्रदूषण बढ्नु।
  - जैविक विविधताको ह्रास।
  - रोग, किराको प्रतिरोधात्मक, प्रतिरक्षात्मक प्रणालीको विकास

उल्लेखित समस्या मूलतः विषाक्त खानेकुरम र विषादीको असुरक्षित प्रयोगबाट निम्तिरहेको छ। यसका अलावा रासायनिक विषादीको बढ्दो प्रयोगले कृषि उत्पादन लागतमा अनपेक्षित बृद्धि हुनु, विषाक्त कृषि उपज उत्पादन भैरहनु अर्को समस्या हो। जसकारण कृषि पेशमा आवद्ध जनशक्तिलाई लैङ्गिक दृष्टिकोणबाट हेर्दा महिला कृषक, वर्गिय दृष्टिकोणबाट हेर्दा आर्थिक रुपमा निम्न वर्गिय मजदुर, कामदार तथा कृषकहरु यसको मुख्य शिकार बनेका छन्।

चुनौतिहरुः

- कृषक वर्गलाई विषादीको प्रकार, गुण, विशेषता पहिचान गर्न सक्षम बनाउन नसकिएको
- रासायनिक विषादीको प्रयोग, मात्रा, प्रयोग क्षेत्र, प्रयोग हुने मुख्य बालीहरुको तंथ्याङ्क तथा विवरण संकलन गर्न नसकिएको
- कृषिशाखा लगायत अन्य सरोकारवाला विषयगत शाखाहरुसंग विषादी विक्रेता, कृषक एवं उपभोक्ताहरुबिच रासायनिक विषादी प्रयोगमा न्यूनीकरण गर्न सामूहिक प्रतिवद्धता स्थापित नभएको।
- कृषिमा रासायमनिक तत्व (मल तथा विषादी) हरुको प्रयोगमा न्यूनीकरण गर्न नगरभित्रका सरोकारवाला निकायहरु (किसान, कृषक समूह, कृषि फार्म, कृषि सहकारी), विषयगत शाखा र छिमेकी पालिकाहरु सँग सह-सम्बन्ध र सहकार्य स्थापित गर्न नसकिनु।
- विषादीको मानविय स्वास्थ्य र वातावरणीय असरबारेमा सचेतना अभिबृद्धी गर्न नसकिनु।
- सुरक्षित र शुन्य विषाक्त कृषि उपज उत्पादन गर्न नसकिनु।
- कृषि उपजान रहने विषादीको अवशेष र विषाक्तको नियमित परिक्षण गर्न नसकिनु।
- छिमेकी देशबाट आयातित कृषि उपजमा विषाक्त अवशेष परिक्षण गर्न नसकिनु।

### ४.९.३ सम्भावना तथा अवसरहरु

किटनासक रासायनिक विषादीको कृषि क्षेत्रमा प्रयोग न्यूनीकरण गरि हरित अर्थतन्त्र निर्माण गर्न यस नगरपालिकामा विद्यमान सम्भावनाहरु निम्न छनः

- कृषि पेशामा आवद्ध शिक्षित कृषकहरुको संख्यामा आनुपातिक बृद्धी हुनु।
- रासायनिक विषादीको प्रयोगमा न्यूनीकरण गर्न संघ, प्रदेश, नीजि क्षेत्र बिच अन्तरआबद्धाता कायम रहनु।
- हालसम्म २६ प्रकारमा रासायनिक विषादी प्रयोग, संश्लेषण तथा विक्रिवितरणमा प्रतिबन्ध गरिनु।
- नियमित बजार अनुगमन कार्यले तिव्रता पाउनु।
- प्राङ्गारिक खेती तर्फ सरकार र नीजि क्षेत्र उन्मुख रहनु।
- रासायनिम मल तथा विषादीको प्रयोगमा न्यूनीकरण गर्ने नीति नगरपालिकाले अंगिकार गर्नु।
- उपभोक्तामा खाद्य सचेतना अभिबृद्धी हुनु।
- स्वस्थ हरित अर्थतन्त्र निर्माणमा नगर क्रियाशिल रहनु।
- रासायनिक विषादीको बढ्दो प्रयोग न्यूनिकरणका कार्यक्रमहरु कार्यान्वियनमा रहनु।

### ४.९.४ रणनीति

- नगरपालिका अन्तर्गतका विषयगत शाखाहरु बिच सहकार्य र समन्वय र सहअस्तित्व कायम गर्ने।
- नगर क्षेत्रभित्र गठीत कृषक समूह, सहकारीहरु साथै संचालित कृषि फार्महरु मार्फत सचेतना अभियान संचालन गर्ने।
- विषादी विक्रेता (एग्रोभेट) संग सहकार्य र समन्वय गर्ने।
- नियमित अनुगमन।
- सचेतना अभियानका विविध कार्यक्रम संचालन (तालिम, गोष्ठी, पर्चा, पम्प्लेट तथा पोष्टर निर्माण)
- छिमेकी पालिका संग नीतिगत र कार्यक्रमगत सहकार्यता प्रतिवद्धता गर्ने।
- विषादी अवशेष रहित कृषि उपज उत्पादन प्रोत्साहन कार्यक्रमको व्यवस्था गर्ने।

- युवा कृषक, युवा क्लब, आमा समूह, स्वास्थ्य स्वयम्सेविकाहरु परिचालन गरि आम नागरिकलाई सुसुचित गर्ने।

४.९.५ कार्ययोजना

| क्र.स. | कार्यक्रम | समयावधि | अपेक्षित अवस्था तथा सूचक | जिम्मेवार निकाय | सहजिकरण सहयोग | पुष्ट्यौंइका आधार |
|---|---|---|---|---|---|---|
| १ | किटनासक रासायनिक विषादी प्रयोगकर्ता कृषकहरुलाई विषादीको वातावरणीय असर सम्बन्धी सचेतना अभिबृद्धी गर्ने नीति तथा कार्यक्रम निर्माण गर्ने। | १ बर्ष | नीति तथा कार्यक्रम तयार भएको। | नगरपालिका | कृषि शाखा | नीति तथा कार्यक्रम प्रति |
| २ | रासायनिक विषादी विक्रेताहरुको नियमित अनुगमन गरी प्रतिवन्धित एंव अधिक विषाक्त विषादीको विक्री वितरणमा नियमन गर्ने। | २ बर्ष | प्रतिवन्धित एवं अधिक विषाक्त विषादीको विवरण संकलन भएको। | नगरपालिका | वडा, कृषि शाखा, वातावरण शाखा तथा नगर प्रहरी शाखा | अनुगमन |
| ३ | नगर क्षेत्रभित्रका विषादी विक्रेताहरुलाई नगरपालिकामा सूचिकरण गरी बिक्रि वितरण गर्ने विषादीको विवरण नियमित संकलन गर्ने। | 2 बर्ष | बिक्रि वितरण गर्ने विषादीको विवरण संकलन भएको। | नगरपालिका | वडा तथा कृषि शाखा | संकलित विवरण |
| ४ | रासायनिक विषादीको प्रयोगबाट हुने वातावरणीय तथा मानविय असरबारे वडा, टोल, बस्तीहरुमा सचेतना अभियान (१ दिने अभिमुखीकरण) संचालन गर्ने। | 1 बर्ष | सचेतना अभियान संचालन भएको। | नगरपालिका | वडा, कृषि शाखा तथा वातावरण शाखा | कार्यक्रम माइन्यूट |
| ५ | सार्वजनिक स्थलहरुमा (विद्यालय, पार्क, चोक, वडा कार्यालय, स्थानीय क्लब, स्वास्थ्य कार्यालय) मा रासायनिक विषादीको असर सम्बन्धी सचित्र होडिङ्ग बोर्ड, पोष्टर तथा पम्प्लेट टाँस गर्ने। | 1 बर्ष | पोष्टर तथा पम्प्लेट टाँसिएको। | नगरपालिका | वडा, कृषि शाखा तथा वातावरण शाखा | अनुगमन प्रतिवेदन |
| 6 | रासायनिक मल तथा विषादीको प्रयोगमा कटौती गर्न प्राङ्गारिक र जैविक मल, विषादीको प्रयोगमा प्रोत्सहान तथा | 3 बर्ष | प्रोत्सहान अनुदान उपलब्ध भएको। | नगरपालिका | संघिय सरकार तथा प्रदेश सरकार | कार्यपालिका बैठकको निर्णयको प्रति |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | अनुदान उपलब्ध गराउने। | | | | | |
| 7 | सुरक्षित विषादीको प्रयोग सम्बन्धी (Demonstration Based Training) संचालन गर्ने। | 3 बर्ष | तालिम संचालन भएको। | नगरपालिका | कृषि शाखा तथा वातावरण शाखा | उपस्थिती माइन्यूट |
| 8 | रासायनिक विषादीको अवशेष रहित तथा सुरक्षित कृषि उपज उप्पादन गर्ने कृषकहरुलाई प्रोत्साहन अनुदानको प्रावधान गर्ने। | 2 बर्ष | अनुदानको व्यवस्था भएको। | नगरपालिका | कृषि शाखा तथा वातावरण शाखा | निर्णय माइन्यूट |
| 9 | विषादी रहित तथा सुरक्षित कृषि उपज उत्पादन गर्न संरक्षित संरचनामा खेति गर्ने प्रविधिमा प्रोत्सहान अनुदान उपलब्ध गराउने। | 3 बर्ष | अनुदानको व्यवस्था भएको। | नगरपालिका | कृषि शाखा तथा वातावरण शाखा | निर्णय माइन्यूट |
| 10 | रासायनिक विषादी प्रयोगमा न्यूनिकरण गरी हरित अर्थत्त्र निर्माण गर्ने नीति कार्यान्वयन गर्न नगरपालिकाका सरोकारवाला शाखाहरु (कृषि, स्वास्थ्य, वातावरण, सहकारी, शिक्षा) बिच वार्षिक कार्यक्रममा ताढाम्यता कायम गर्ने। | 2 बर्ष | विभिन्न शाखाहरु बिच समन्वय भएको। | नगरपालिका | कृषि शाखा, स्वास्थ्य शाखा, वातावरण शाखा तथा शहकारी शाखा | बार्षिक नीति तथा कार्यक्रम |
| 11 | कृषि उपज संकलन, बिक्री केन्द्रहरुको नियमित रुपमा विषादीको अवशेष परिक्षण संघीय तथा प्रादेशिक कार्यालयहरुको सहकार्यमा गर्ने। | 3 बर्ष | कृषि उपजहरुको विषादी परिक्षण भएको। | नगरपालिका | संघ तथा प्रदेश सरकार | परिक्षण प्रतिवेदन |
| 12 | विषादी प्रयोगमा हुने प्रदुषण न्यूनीकरण गर्न छिमेकी पालिकाहरुसंग नीतिगत तथा कार्यगत समन्वय तथा सहकार्य गर्ने। | 2 बर्ष | छिमेकी पालिका संग समन्वय भएको। | नगरपालिका | छिमेकी पालिका | उपस्थिति माइन्यूट |

## ४.१० उद्देश्य १०) नगर क्षेत्र भित्रका पूर्वाधार विकासका आयोजनाहरुमा वातावरण मैत्री र जलवायु उत्थानशिल आर्थिक विकासका अवधारणा अवलम्बन गर्ने।

### ४.१०.१ वर्तमान अवस्था

कागेश्वरी मनोहरा नगरपालिकाको स्विकृत बार्षिक कार्यक्रम तथा संघिय र प्रदेश सरकारको अनुदानमा नगरपालिकाबाट र संघ/प्रदेश आफैले नगर क्षेत्रभित्र विभिन्न भौतिक पूर्वाधारमा आयोजनाहरु संचालन हुँदै आएका छन। पूर्वाधार विकास संग संगै वातावरण संरक्षणलाई समेत जोड्ने उद्देश्यमा साथ १ वडा १ हरित पार्क र १ वडा १ खुल्ला व्यायमशालाको अवधारणा अनुरुप निर्माण कार्य अगाडी बढिरहेको छ। सो सम्बन्धमा वातावरण संरक्षणको लागि "वातावरण संरक्षण ऐन 2076" र "वातावरण संरक्षण नियमावली 2077" तथा "कागेश्वरी मनोहरा नगरपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन 2077" र "वातावरण तथा प्रकृतिक स्रोत संरक्षण (संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण) कार्यविधि 2077" अनुसार वातावरणीय अध्ययन स्वीकृत पश्चात मात्र आयोजना संचालन हुने गरेको छ।

### ४.१०.२ समस्या तथा चुनौतीहरु

यस नगरपालिका क्षेत्रमा बढ्दो पूर्वाधार विकास र शहरीकरण संगै वातावरण संरक्षण चुनौतीको रुपमा रहेको छ। नयाँ पूर्वाधार हुँदा पुराना ऐतिहासिक मठ-मन्दिर, पोखरी, खहरे, समुदायिक वन, खोल्साको विनास क्रम बढ्दो छ। बढ्दो शहरीकरण र पक्की सडक निर्माणको कारण जमिन भित्र पानी पूर्नभरण हुन नसकी ढल व्यवस्थापनमा समस्या दोखिनुको साथै नदी/खोलामा पानीको सतह बढी भै बर्षातको समयमा छेउ छाउका बस्ती एवं पूर्वाधार डुवानको समस्या देखिने गरेको छ।

### ४.१०.३ सम्भावना तथा अवसरहरु

वातावरण मैत्री र जलवायु उत्थानशिल पूर्वाधार विकास नगरपालिकाको प्रथमिक्तामा परेको छ। यसका लागि नीतिगत, कानूनी तथा संस्थागत संयन्त्रको सुदृढीकरण गर्दै आर्थिक स्रोतको सुनिश्चितता गर्नु गर्ने देखिन्छ। वातवारण संरक्षण र पूर्वाधार निर्माण सन्तुलन ल्याउन हरित सडक निर्माण, सडक छेउमा बोट विरुवा रोप्ने पद्धति र नगरक्षेत्रभित्र निर्माण हुने प्रत्येक भवनको परिसर वरपर कम्तिमा ३ वटा विरुवा रोपे पश्चात मात्र भवन निर्माण सम्पन्न प्रमाणपत्र दिन मिल्ने जस्ता वातावरणमैत्री अवधारणा र प्रावधानहरु लागु गरी वातावरण संरक्षणमा टेवा पु¥याउन सकिने देखिन्छ। साथै "एक वडा एक पार्क" र "एक वडा एक खुला व्यायमशाला" को अवधारणालाई पूर्ण रुपमा कार्यावन्वयन गरी वातावरण संरक्षण र स्वास्थ जीवनयापनमा टेवा पु¥याउन सक्ने देखिन्छ।

नगरपालिकाको वडा नं. 1 मा रहेको प्रसिद्ध धार्मिक स्थल कागेश्वरी धाम, शहिद पार्क हुदैं मणिचुड र धाप ड्याम सम्म फुट ट्रेल र ट्रेकिङ्ग रुट निर्माण तथा संचालन गरी वातावरण संरक्षण, पर्यटन प्रवर्द्धन र हरित अर्थतन्त्र प्रवर्द्धन गरी समग्र नगरपालिकाको विकास संगै संगै नेपाल अधिराज्य भर प्रचार प्रसार अभिबृद्ध गर्न सकिने।

### ४.१०.४ रणनीति

- नगर क्षेत्र भित्र निर्माण कार्य गर्दा वातावरण प्रदुषणलाई ध्यान दिएर मात्र कार्य गर्ने।
- निर्माण कार्य गर्नु अघि वातावरणीय अध्ययन स्वीकृत गरेर मात्र आयोजना संचालन गर्ने।
- प्रत्येक वडामा हरियाली पार्क निर्माण गर्ने।
- नगर क्षेत्र भित्र निर्माण सामाग्री ढुवानी गर्दा अनिवार्य रुपमा छोपेर मात्र गर्ने।

- सडक निर्माण सम्पन्न पश्चात अनिवार्य रुपमा सडक पेटिमा र सम्भव भए सम्म सडकको विच भागमा विरुवाहरु रोप्ने।
- निर्माण कार्य गर्नु अघि निर्माण स्थललाई वरिपरीबाट घेराबार लगाएर छेकेर मात्र निर्माण गर्ने।
- नगर क्षेत्रभित्रका कच्ची सडकलाई स्तरोन्नती गरी पक्की सडक बनाउने।

४.१०.५ कार्ययोजना

| क्र.स. | कार्यक्रम | समयावधि | अपेक्षित अवस्था तथा सूचक | जिम्मेवार निकाय | सहजिकरण सहयोग | पुष्ट्याँइका आधार |
|---|---|---|---|---|---|---|
| १ | नगर क्षेत्र भित्र आवत जावत गर्ने निर्माण सामाग्री ढुवानी गर्ने सवारी साधनमा निर्माण सामाग्री अनिवार्य रुपमा छोपेर मात्र ओसार पोसार गराउन लगाउने। | 1 बर्ष | निर्माण सामाग्री ढुवानी गर्ने सवारी साधनमा छोपेर मात्र निर्माण सामाग्री ओसार पोसार गरेको। | निर्माण सामाग्री सप्लायर्स र ढुवानी कर्ता | नगरपालिका र ट्राफिक प्रहरी | अनुगमन प्रतिवेदन |
| २ | निर्माण सामाग्री बिक्री वितरण गर्ने डिपो खोल्न मापदण्ड तयार गर्ने तथा अनुगमन गर्ने। | 1 बर्ष | मापदण्ड तयार भई कार्यान्वयन भएको। | नगरपालिका | वडा कार्यालय | मापदण्ड |
| ३ | नगर क्षेत्र भित्र कच्ची र निर्माणाधिन सडकहरुमा नियमित रुपमा सम्बन्धित वडा संगको समन्वयमा पानी छर्कने व्यवस्था गर्ने। | 1 बर्ष | कच्ची र निर्माणाधिन सडकहरुमा पानी छर्कने गरेको। | उपभोक्ता समिति तथा निर्माण व्यवसायी | वडा कार्यालय तथा टोल सुधार समिति | अनुगमन प्रतिवेदन |
| ४ | नगर क्षेत्रमा सडक निर्माण र सडक स्तरोन्नती आयोजनाहरुमा हरित सडक निर्माण अवधारणा अनुरुप सडक छेउ र विचमा रुख तथा विरुवा रोप्ने। | 3 बर्ष | सडक छेउ र विचमा रुख तथा विरुवा रोपेएको। | नगरपालिका | वडा कार्यालय | अनुगमन प्रतिवेदन |
| ५ | नगर क्षेत्रका सडक छेउका रुखहरुमा नियमित रुपमा पानी हाल्ने र सरसफाई गर्ने। | 1 बर्ष | सडक छेउका विरुवाहरु हुर्केको र सरसफाई भएको। | वडा कार्यालय | नगरपालिका | अनुगमन प्रतिवेदन |
| ६ | नगर क्षेत्रमा नयाँ भवन बनाउने तथा पुरानो भवन भत्काउने कार्य गर्दा अनिवार्य रुपमा निर्माण स्थल छोप्ने कार्य गर्ने। | 1 बर्ष | निर्माण स्थल छोप्ने गरेको र वरिपरिको वातावरण सफा भएको। | निर्माण व्यवसायी तथा घर धनी | वडा कार्यालय | अनुगमन प्रतिवेदन |
| ७ | नगर क्षेत्रमा संचालन हुने पूर्वाधार निर्माणका स्थानीय स्रोत, निर्माण सामाग्री र जनसहभागीतालाई प्राथमिकता दिई वातावरणमैत्री | 3 बर्ष | स्थानीय निर्माण सामाग्री र जनसहभागीतामा पूर्वाधार विकास हुने गरेको। | नगरपालिका | प्रदेश सरकार | कार्यविधि र अनुगमन प्रतिवेदन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | पूर्वाधारमा जोड दिने। | | | | | |
| ८ | नगर क्षेत्रमा संचालन हुने पूर्वाधार निर्माण आयोजनाहरुमा स्विकृती पूर्व अनिवार्य रुपमा वातावरणीय अध्ययन गरी सो को प्रतिवेदन स्विकृत गर्नु पर्ने व्यवस्था लागु गर्ने। | 1 बर्ष | वातावरणीय अध्ययन, स्वीकृती पश्चात मात्र पूर्वाधार निर्माण हुने गरेको। | नगरपालिका | संघिय र प्रदेश सरकार | ऐन, नियमावली र कार्यविधि |
| ९ | नगर क्षेत्र भित्रका प्रत्येक वडामा हरियाली पार्क तथा खुल्ला व्यायमशाला निर्माण गर्ने। | 3 बर्ष | प्रत्येक वडामा पार्क तथा खुल्ला व्यायमशाला निर्माण भएको | नगरपालिका | वडा कार्यालय | बार्षिक योजना |
| १० | नगर क्षेत्रमा निर्माण र संचालन हुने पूर्वाधार विकासका आयोजनाहरुमा जलवायु परिवर्तन र यसबाट हुन सक्ने असरलाई समेत मध्यनजर गर्दै संचालन गर्ने। | १ बर्ष | जलवायु परिवर्तनको असर कम गर्न प्रकृतिक पूर्वाधार निर्माण भएको। | नगरपालिका | संघिय र प्रदेश सरकार | कार्यविधि |
| 11 | सम्बन्धित निकायसँगको समन्वयमा सवारीसाधनको सहज पहुँचको लागि नगरपालिका भित्रका सडकको स्तरोन्नति गरी पक्की सडक बनाउने | २ बर्ष | नगरपालिका भित्रका सडकहरुको स्तरोन्नति भएको हुने। | | सडक विभाग | सडक विभाग र नगरपालिकाको समन्वय बैठक माइन्युट |
| 12 | सडक विभाग, खानेपानी तथा ढल व्यवस्थापन विभाग र विद्युत प्राधिकरणसँग समन्वय गरी सडक, खानेपानी तथा ढल व्यवस्थित गर्ने। | ३ बर्ष | वार्षिक रुपमा १ वा २ समन्वय बैठक संचालन गरेको हुने। | | सडक विभाग, खानेपानी तथा ढल व्यवस्थापन विभाग र , विद्युत प्राधिकरण | बैठक माइन्युट |

## ५. वित्तीय व्यवस्थापन

यो कार्ययोजना लागू गर्न आवश्यक वित्तीय व्यवस्थापन नगरपालिकाले गर्नेछ।पहिलो वर्षबाट कार्यक्रमहरू लागू गर्दै दोस्रो र तेस्रो वर्षहरूमा योजना पूर्णरूपमा लागू गरिनेछ।नगरपालिकाको कुल वार्षिक बजेटको कम्तीमा तीन प्रतिशत बजेट वातावरण संरक्षणमा छुट्याउने व्यवस्था गरिनेछ। यस कार्ययोजनाका कार्यक्रमहरू लागू गर्न नगरपालिकाले संघीय सरकार, प्रदेश सरकार लगायत विभिन्न संघसंस्था, निजी क्षेत्रसँग सहकार्यका लागि पहल गरिनेछ।यो योजना लागू गर्न USAID स्वच्छ हावा कार्यक्रमबाट पनि आवश्यक आर्थिक तथा प्राविधिक सहयोगको लागि अनुरोध गर्न सक्नेछ।

## ६. योजना कार्यान्वयन प्रक्रिया

नगरपालिकाको वायु गुणस्तर व्यवस्थापन योजनालाई नगर सभामा अनुमोदनका लागि पेस गरिनेछ। नगर सभाबाट अनुमोदन भए पश्चात एक औपचारिक कार्यक्रम गरी वायु गुणस्तर व्यवस्थापन योजना सार्वजनिक गरिनेछ।वायु गुणस्तर व्यवस्थापन योजनाको कार्यान्वयन पक्षलाई थप प्रभावकारी तथा लक्ष्य केन्द्रित बनाउन अर्धवार्षिक तथा वार्षिक समीक्षा गोष्ठीको आयोजना गरिनेछ।नगरपालिकाको योजनामा प्रक्षेपण गरिएको अनुमानित बजेट र हाल उपलब्ध तथा उपलब्ध हुन सक्ने बजेटबीचको असन्तुलनलाई हटाउन संघीय सरकारसँग थप बजेट तथा कार्यक्रम माग गरिनेछ।यसका साथै दातृ निकायहरूसँग आर्थिक तथा प्राविधिक पक्षका सम्बन्धमा आवश्यक समन्वय एवं सहकार्य गरिनेछ।

वातावरणमैत्री सुशासन र वायु गुणस्तर कार्ययोजना नगरपालिकाबाट औपचारिकरूपमा पारित भएपछि यस योजनाले निर्धारण गरेको उद्देश्य हासिल गर्ने दायित्व स्वतः स्थानीय तहको हुनेछ।वैधानिकरूपमा यस योजनाको कार्यान्वयनको जिम्मेवारी नगर कार्यपालिकाको हुनेछ नगरपालिकास्तरमा आवश्यक समन्वय गर्ने, स्रोत पहिचान, परिचालन एवं अनुगमनको मुख्य जिम्मेवारी नगर कार्यपालिकाको भए पनि यसको योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र समन्वय सहकार्यको भूमिका सम्बन्धित शाखाले निर्वाह गर्नेछ।यो योजना कार्यान्वयनको लागि आवश्यक पर्ने आर्थिक, प्राविधिक पक्ष तथा मानवीय संशाधनको व्यवस्थापन गर्ने हेतु वडा र नगरपालिकाले नियमितरूपमा वार्षिक बजेटमा यससम्बन्धी कार्यक्रमहरू समावेश गर्दै लगिनेछ।

वातावरणमैत्री सुशासन र वायु गुणस्तर व्यवस्थापन योजनाले निर्धारण गरेअनुसारका लक्ष्य तथा उद्देश्य हासिल गर्नका लागि देहायबमोजिमको कार्यनीतिहरू अवलम्बन गरिनेछन्।

- सहभागितामूलक योजना तर्जुमा तथा कार्यान्वयनमा स्थानीय निकायको नेतृत्व रहने,
- सरसफाइको क्षेत्रमा कार्य गर्ने निकायहरूबीच समन्वय, संयुक्त कार्ययोजना र सहकार्य गर्ने,
- सहयोगी संस्थाहरूले स्थानीय निकायसँग आवश्यक समन्वय गरेर वा समझदारीपत्रमा हस्ताक्षर गरेर मात्र कार्यक्रम सञ्चालन गर्ने,
- आर्थिक स्रोत पहिचान र परिचालन गर्ने,
- मानवीय संसाधनको पहिचान र परिचालन गर्ने,
- स्थानीय स्रोतसाधनको पहिचान र परिचालन गर्ने,

- सूचना, शिक्षा तथा सञ्चार सामग्रीको व्यापक प्रयोग गरी व्यवहार परिवर्तन सम्बन्धी सचेतनामूलक क्रियाकलापहरू सञ्चालन गरी वायु गुणस्तर व्यवस्थापनमा आम जनसमुदाय परिचालनको वातावरण सिर्जना गर्ने,
- विद्यालयहरूमा इको (ECO Club) गठन र परिचालन गर्ने,
- तरल तथा ठोस फोहोर व्यवस्थापन तथा सार्वजनिक शौचालय निर्माण आदिमा सार्वजनिक निजी साझेदारी (Public Private Partnership) को अवधारणा अपनाउने,
- अनुगमन तथा प्रमाणीकरण संयन्त्र गठन र परिचालन गर्ने,
- परामर्श, प्रोत्साहन, पुरस्कार तथा दण्ड जरिवानाजस्ता प्रावधानको व्यवस्था गर्ने,
- असहाय तथा अति विपन्न परिवार, अपांगता भएका मानिसहरूको स्वास्थ्य तथा सरसफाइ सुविधामा पहुँचका लागि विशेष पहलकदमी चाल्ने,
- नियमित बैठक तथा समीक्षा गोष्ठीहरू आयोजना गरी रणनीतिक योजना कार्यान्वयनका सम्बन्धमा आवश्यक पृष्ठपोषण प्राप्त गरी उपलब्धिको प्रभावकारितालाई बढाउने ।

## ७. योजना अनुगमन तथा मूल्याङ्कन विधि तथा प्रक्रिया

यस कार्ययोजनाको अनुगमन तथा मूल्याङ्कन प्रक्रियाको सम्पूर्ण सहजीकरणको जिम्मेवारी नगर कार्यपालिकाको हुनेछ।नगर कार्यपालिकाको कार्यालयले यस कार्ययोजनाको सोचतालिका तथा कार्यान्वयन योजनामा आधारित भई वार्षिक अनुगमन कार्यान्वयन योजना तर्जुमा गरी सोको कार्यान्वयनका लागि आवश्यक सहजीकरण गर्नेछ।योजना अनुगमनमा संलग्न हुने संयन्त्रहरू देहायबमोजिम हुनेछन्।

- नगरकार्यपालिका तथा विषयगत समिति
- नगर तथा वडास्तरीय अनुगमन समिति
- सुपरीवेक्षण तथा अनुगमन समिति
- नागरिक समाज सञ्जाल
- सञ्चारकर्मी
- नियमित अनुगमन, नियमित निरीक्षण गर्नुका साथै आवश्यकता अनुसार विभिन्न सरकारी, गैरसरकारी संस्थासँग समन्वय गर्ने

यस कार्ययोजनाको अनुगमनका साधन तथा विधि देहाय अनुसार हुनेछ।

- स्थलगत अनुगमन
- वार्षिक कार्ययोजना (लक्ष्य) र प्रगतिबीच तुलना
- नागरिक समाज र सञ्चारकर्मीहरूद्वारा संयुक्त अनुगमन
- कार्यान्वयन योजनामा आधारित क्रियाकलाप अनुगमन र सोच तालिकामा आधारित प्रतिफल अनुगमन
- सहभागितामूलक अन्तिम समीक्षा (तेस्रो पक्षबाट मूल्याङ्कन)

## ८ योजना परिमार्जन

यो वातावरणमैत्री सुशासन तथा वायु गुणस्तर व्यवस्थापन कार्ययोजना वार्षिक वा आवश्यकता अनुसार जुनसुकै बेला अध्यावधिक वा परिमार्जन गर्ने अधिकार नगर कार्यपालिकामा निहित रहनेछ।

## ९.योजना अनुमोदन र लागू हुने अवधि

वातावरणमैत्री सुशासन तथा वायु गुणस्तर व्यवस्थापन कार्ययोजना नगरस्तरीय सरोकारवालाहरूको भेलाबाट छलफल गरी आवश्यक सल्लाह सुझाव वा पृष्ठपोषण सहित नगर कार्यपालिकाले अनुमोदन गरेको मिति देखि आ.व. २०८4/२०८5 सम्म लागू हुनेछ।

## १०. अनुसूचीहरूः